# नवलपरासी जिल्ला अन्तर्गत गैंडाकोट क्षेत्रका कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन

**लक्ष्मी रिमाल**

परीक्षा क्रमाङ्क: २४१००४९/२०६९

त्रि.वि. दर्ता क्रमाङ्क: ९-२-२४१-३६-२००५

**त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा**

**विभाग स्नातकोत्तर तह द्वितीय वर्षको**

**नेपा.शि. (५९८) को**

**प्रयोजनको लागि**

**प्रस्तुत**

## शोधपत्र

२०७१/२०१४

बाल कुमारी कलेज
नेपाली भाषा शिक्षा विभाग
नारायणगढ, चितवन

# प्रतिबद्धता पत्र

**“नवलपरासी जिल्ला अन्तर्गत गैंडाकोट क्षेत्रका कक्षा नौ** (९) **मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन”** शीर्षकमा गरेको शोधकार्यमा विभिन्न विद्वानहरूका दृष्टिकोणहरूलाई पादटिप्पणीको रूपमा प्रस्तुत गरेकी छु तर कसैको पुस्तक, शोधपत्र, आदिको नक्कल गरेकी छैन । यो पूर्णतः मेरो मौलिक कार्य हो ।

शोधकर्ता
लक्ष्मी रिमाल
बाल कुमारी कलेज
नारायणगढ, चितवन

# शोध निर्देशकको सिफारिस पत्र

**“नवलपरासी जिल्ला अन्तर्गत गैंडाकोट क्षेत्रका कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन”** शीर्षकको यो शोधपत्र लक्ष्मी रिमालले मेरो निर्देशनमा पूर्ण लगाव र परिश्रमपूर्वक तयार पार्नुभएको हो । विषयगत गहनतालाई महत्व दिई तयार पारिएको यस शोधपत्रबाट म पूर्ण सन्तुष्ट छु र सोको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

शोध निर्देशक

..................

(डा. कुलप्रसाद ढुङ्गाना)

विभागीय प्रमुख एवम् अनुसन्धान

समितिका अध्यक्ष

बालकुमारी कलेज नेपाली विभाग

नारायणगढ, चितवन

मिति : २०७१/    /

त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र सङ्काय

बाल कुमारी कलेज नेपाली भाषा शिक्षा विभाग

नारायणगढ, चितवन

# स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय अन्तर्गत बाल कुमारी कलेज, नारायणगढकी छात्रा लक्ष्मी रिमालले तयार पार्नुभएको नेपाली भाषा शिक्षा विषयको स्नातकोत्तर तह (एम.एड.) को नेपाली शिक्षा (५९८) को प्रयोजनार्थ प्रस्तुत गरेको नवलपरासी जिल्लाअन्तर्गत गैंडाकोट क्षेत्रमा कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

## शोधपत्र मूल्याङ्कन समिति

| क्र.सं. | नाम | दस्तखत |
|---|---|---|
| १. | डा. कुलप्रसाद ढुङ्गाना (सह-प्राध्यापक) | |
| २. | डा कुलप्रसाद ढुङ्गाना (शोध निर्देशक) | |
| ३. | (बाह्य परीक्षक) | |

मिति : २०७१/ /

# कृतज्ञता ज्ञापन

गुरुर्ब्रह्मा गुरुर्विष्णुः गुरुर्देवोमहेश्वरः ।

गुरुर्साक्षात् परब्रह्म तस्मै श्री गुरवे नमः ॥

वैदिक कालमा गुरुलाई ब्रह्मा, विष्णु र महेश्वर तीनै देवताका साक्षात् अवतारका रुपमा सम्मान गरिन्थ्यो । गुरुको त्यही प्राचीन महत्वलाई आत्मसाथ गर्दै मैले यस "नवलपरासी जिल्ला अन्तर्गत गैंडाकोट क्षेत्रमा कक्षा नौं(९)मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन" विषयको अनुसन्धान कार्यको शुरुवात गरेँ । यस अनुसन्धानका दौरानमा गुरुलाई तिनै प्राचीन त्रयदेवका रुपमा मैले पाएँ । अनुसन्धानका प्रत्येक पाइलामा मलाई मार्ग निर्देशन गर्दै अनुसन्धानात्मक गन्तव्यको सुनौलो गोरेटो पहिल्याउन मेरा श्रद्धेय गुरु, सह-प्राध्यापक तथा विभागीय प्रमुख डा. कुलप्रसाद ढुङ्गानाले गर्नुभएको निर्देशनात्मक भूमिकाबाट गुरुको प्राचीन महत्व अझै बढ्दै गएको छ । यसर्थ उहाँप्रति म हार्दिक कृतज्ञता व्यक्तगर्न चाहन्छु ।

अध्ययनको क्षेत्र व्यापक छ । यस्तो व्यापकतामा व्यक्ति निपूर्ण बन्न सक्दैन यसर्थ उसले अध्ययनको एउटा निश्चित क्षेत्र अवलम्बन गर्नुपर्ने हुन्छ । यही अध्ययनको उचित मार्ग मलाई देखाएर अध्ययनको सम्पूर्ण व्यवस्था मिलाई यस विषयमा शोधकर्ताको रुपमा मलाई उभ्याउन प्रेरित गर्दै आफ्नो अमूल्य समय उपलब्ध गराई शोधकार्यमा महत्वपूर्ण सहयोग गर्नुहुने नेपाली विभाग प्रमुख मेरा श्रद्धेय गुरु सह-प्राध्यापक डा. कुलप्रसाद ढुङ्गानाप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

अनुसन्धानका क्रममा नमुना छनोटमा परेका संस्थागत तर्फका बालविकास उच्चमा. वि., नमुना आवासीय उच्च मा. वि., विजय सामुदायिक शिक्षा सदन र कन्टिनेन्टल आवासीय उच्च मा. वि. तथा सामुदायिक तर्फका जनक उच्च मा. वि., कालिका उच्च मा. वि., नेपाल

राष्ट्रिय शमसेर मा.वि. र नारायणी मा. वि.का प्रधानाध्यापक तथा शिक्षकलगायत नमुना छनोटमा परेका सम्पूर्ण विद्यार्थीहरूलाई समेत हार्दिक धन्यवाद दिन चाहन्छु ।

शोधकार्य गर्दा आवश्यक पुस्तकहरू उपलब्ध गराई सहयोग गर्ने बालकुमारी कलेजको पुस्तकालयप्रति म कृतज्ञ छु । अनुसन्धानात्मक बाटो देखाउनु हुने बालकुमारी कलेजका सह.प्रा. दामोदर रिजाल, एम.एड्.का कार्यक्रमप्रमुख श्याम सेढाईं, श्रद्धेय गुरु गोविन्दराज विनोदी, तेजप्रसाद पौडेल, सुरेन्द्र अस्तफल, विश्वराज लम्साल एवम् गुरुआमा जमुना जोशीप्रति आभारी छु । तथ्याङ्क सङ्कलनका क्रममा सहयोग गर्नुहुने कमला भट्टराई, लक्ष्मी भट्टराई, अनिता रिमाल, माया तिवारी, सोमकान्त भट्टराईप्रति पनि विशेष धन्यवाद प्रकट गर्न चाहन्छु । तथ्याङ्कलाई व्यवस्थित गर्न हरपल सहयोग गर्ने श्रीमान् कमलराज सुवेदी, कम्प्युटरमा सहयोग गर्नुहुने कृष्ण पोखेल, पार्वती पोखेल तथा प्रत्यक्ष अप्रत्यक्ष रुपमा यस अनुसन्धानमा सहयोग पुऱ्याउनु हुने सम्पूर्णप्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । जिवनका विभिन्न अप्ठ्याराहरुसँग संघर्ष गर्दै शिक्षा क्षेत्रमा वर्तमान क्षणसम्म आर्थिक भार बहन गरि सधैं अध्ययनमा प्रेरित गरेर उचित सल्लाह, सुझाव, हौसला र उचित मार्गदर्शन प्रदान गर्नुहुने आदरणीय बुवा ढुण्डिराज रिमाल, आमा सानुमाया रिमाल, काका तीर्थराज रिमाल, दाइ भानुभक्त रिमाल, भुवन रिमाल लगायत सम्पूर्ण आफन्तजनलाई मेरो सफलताको प्रतिविम्व ठानेकी छु र उहाँहरुप्रति सदा ऋणी रहँदै कृतज्ञता ज्ञापन गर्दछु ।

अनुसन्धानका आवश्यक प्रक्रियाहरू अपनाई मेहनत र लगावका साथ यस अनुसन्धानलाई पूर्णता दिने जमर्को मबाट भएको छ र आवश्यक मूल्याङ्कनका लागि बालकुमारी कलेज नेपाली विभागसमक्ष अनुरोध गर्दछु ।

शोधार्थी

लक्ष्मी रिमाल

बालकुमारी कलेज

नेपाली भाषा शिक्षा विभाग

नारायणगढ, चितवन

मिति : २०७१/०९/०६

# शोधसार

शोध शीर्षक : “नवलपरासी जिल्ला अन्तर्गत गैंडाकोट क्षेत्रका कक्षा नौ (९) मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन ।”

शोधार्थीको नाम : लक्ष्मी रिमाल

विभाग/ क्याम्पस : नेपाली भाषा शिक्षा विभाग, बाल कुमारी कलेज, नारायणगढ, चितवन

शैक्षिक वर्ष : २०६६/०६८

पृष्ठ सङख्या : ५७ + २९

परिच्छेद सङ्ख्या : पाँच


कुनै पनि विषय, शीर्षक वा अंशमा आधारित भई सिर्जनात्मक तरिकाले स्वतन्त्र र सङ्क्षिप्त रूपमा विस्तार गर्नु नै अनुच्छेद लेखन हो । यसको कुनै निश्चित आकार नभई विद्यार्थीहरूको अनुभव तथा ज्ञानको भण्डारसँग सम्बन्धित हुनाले विद्यार्थी जति-जति माथिल्लो स्तर वा कक्षामा जान्छ त्यति नै मात्रामा यसको विकास हुँदै जान्छ ।

प्रस्तुत शीर्षकका मुल समस्याहरु यस प्रकारका छन् :नवलपरासी जिल्ला अन्तर्गत कक्षा नौ (९) मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता कस्तो छ ? सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति के कस्तो छ ? भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति के कस्तो छ ? लैङ्गिक आधारमा छात्रा तथा छात्रहरूको अनुच्छेद लेखन क्षमताको स्थिति के कस्तो छ ? उक्त कक्षामा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखनसम्बन्धी के कस्ता कमीकमजोरीहरू छन् ? र सुधारका लागि के कस्ता उपायहरू अवलम्बन गर्न सकिन्छ ? भन्ने विषयलाई मुख्य समस्या मानेर प्रस्तुत शोधकार्य गरिएको छ । यिनै समस्यासँग सम्बन्धित कक्षा नौ (९) मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको पहिचान गर्नु, विद्यालयका प्रकृतिका आधारमा (सामुदायिक र संस्थागत) विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक स्थिति पत्ता लगाउनु, भाषिक पृष्ठभूमिका आधारमा तुलनात्मक स्थिति पत्ता लगाउनु, लैङ्गिकताका आधारमा छात्र तथा छात्राहरूको तुलनात्मक स्थिति पत्ता लगाउनुका साथै उक्त विद्यार्थीहरूका अनुच्छेद लेखनसम्बन्धी कठिनाइहरूको पहिचान गरी निराकरणका लागि आवश्यक सुझाव प्रदान गर्ने उद्देश्यहरूमा यो शोधकार्य केन्द्रित छ ।

यस शोधकार्यको शीर्षक विद्यार्थीहरूसँग प्रत्यक्ष सम्बन्धित भएकाले विद्यार्थीहरूलाई केन्द्रबिन्दु मानेर क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । यस अध्ययनमा नवलपरासी जिल्लाअन्तर्गत गैंडाकोट क्षेत्रका चार वटा सामुदायिक र चार वटा संस्थागत गरी आठ वटा माध्यमिक विद्यालयलका असी जना विद्यार्थीलाई अध्ययनको प्रतिनिधि जनसङ्ख्याका रूपमा चयन गरिएको छ । उक्त विद्यार्थीहरूलाई नेपालमा कृषिको महत्त्व शीर्षकमा अनुच्छेद लेख्न लगाई विषयवस्तुको संयोजन, भाषिक शुद्धता, स्तर अनुरूपता र प्रस्तुतीकरणका आधारमा उत्तर पुस्तिका परीक्षण गरी माध्यमिक तह उत्तर कुञ्जिका परीक्षणअन्तर्गत अनुच्छेदात्मक प्रस्तुतिलाई श्रेणी विभाजन गरी श्रेणी अनुसार रेजा लगाएर अन्त्यमा योगफल निकालिएको छ । यसरी प्रस्तुत शोधकार्य मूलतः क्षेत्रीय अध्ययन विधि र अंशतः पुस्तकालय विधिमा आधारित छ ।

कक्षा नौ (९) मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता समग्र सीपगत आधारमा विषयवस्तुको संयोजन, भाषिक शुद्धता, स्तर अनुरूपता र प्रस्तुतीकरण मध्यम खालको देखिन्छ । सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता उच्च रहेको पाइयो । भाषिक पृष्ठभूमिका आधारमा अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्दा नेपाली विमातृभाषी विद्यार्थीहरूको तुलनामा नेपाली मातृभाषी विद्यार्थीहरू अगाडि रहेको पाइयो । लैङ्गिकताका आधारमा हेर्दा छात्राहरूको तुलनामा छात्रहरूको अनुच्छेद लेखन क्षमता राम्रो भएको भेटियो । नेपाली भाषालाई सजिलो विषयका रूपमा हेर्ने सम्बन्धित विद्यालयमा शिक्षक निर्देशिकाको अभाव हुनु, परीक्षामा अनुच्छेद लेखनलाई समावेश नगरिनु जस्ता थुप्रै कारणले अनुच्छेद लेखनमा अपेक्षाकृत नतिजा आउन नसकेको पाइयो । यसर्थ विद्यार्थीहरूमा सिर्जनात्मक अभिव्यक्ति क्षमता विकास गर्दै लेखाइ सीपमा सक्षम बनाउन अनुच्छेद लेखन शिक्षणलाई व्यवस्थित गरिनु पर्दछ ।

# सङ्क्षेपीकृत शब्दसूची

| क.सं. | सङ्क्षिप्त रुप | पूर्णरूप |
|---|---|---|
| 1= | क.सं. | क्रम सङ्ख्या |
| 2= | प्रा.डा. | प्राध्यापक डाक्टर |
| 3= | संस्क. | संस्करण |
| 4= | मा.वि. | माध्यमिक विद्यालय |
| 5= | % | प्रतिशत |
| 6= | नं. | नम्बर |
| 7= | वि.सं. | विक्रम सम्बत |
| 8= | नेपा.शि. | नेपाली शिक्षा |
| | शोधपत्रमा प्रयोग भएका अङ्ग्रेजी शब्द सूची | |
| 9= | Mean | मध्यमान |
| 10= | Standard deviation | मानक विचलन |
| 11= | Median | मध्यक |
| 12= | Percentile | प्रतिशताङ्क |

द्रष्टव्य : शोधपत्रमा शुद्धाशुद्धि, वर्णविन्यास प्रयोगात्मक नेपाली शब्दकोशका आधारमा प्रयोग गरिएको छ ।

# विषय सूची

## परिच्छेद एक : शोध परिचय


१. परिचय १

1=1=शोध शीर्षक १

1=2= शोध प्रयोजन १

1=3= समस्या कथन १

1=4= अध्ययनको उद्देश्य ३

1=5= अध्ययनको औचित्य र महफ्व ४

1=6= शोधको सीमाङ्कन ६

1=7= शोधपत्रको रुपरेखा ६


## परिच्छेद दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक प्रारूप


२.१ पूर्वकार्यको समीक्षा ९

२.१.१ पाठ्यपुस्तक अनुच्छेद लेखन तथा त्यससँग सम्बन्धित शोधकार्यको समीक्षा ९

2.2 सैद्धान्तिक प्रारूप १२

२.२.१ परिभाषा १३

२.२.२ अनुच्छेद लेखनको प्रयोजन 16

२.२.३ अनुच्छेद लेखनको ढाँचा १७

२.२.४ अनुच्छेद लेखनको प्रकार १८

२.२.५ अनुच्छेद लेख्ने तरिका २०

२.२.६ अनुच्छेद लेखनको विधि र प्रक्रिया २१

२.२.७ अनुच्छेद लेख्दा ध्यानदिनु पर्ने कुराहरू २१

२।२।७।१ भाषिक सीप र अनुच्छेद लेखन शिक्षणको आवश्यकता एवम् २२

२।२।७।२ साहित्यिक एवम् साहित्येत्तर लेख रचनामा अनुच्छेद लेखनको भूमिका २२

२।२।७।३ लेखाइ सीपको विकासमा अनुच्छेद लेखनको भूमिका २३

2.3 माध्यमिक तहमा लेखाइ शिक्षणको आवश्यकता र महफ्व २४

2.4 सारांश २५

## परिच्छेद : तिन

## अध्ययन विधि र अनुच्छेद लेखन क्षमताको विश्लेषण

३.१ अध्ययन विधि २७

३.१.१ छनौट प्रक्रिया २७

३.१.२ सामग्री निर्माण २८

३.१.२.१ प्राथमिक स्रोतका सामग्री २८

३.१.२.२ द्वितीय स्रोतका सामग्री २८

३.१.२.३ तथ्याङ्क सङ्कलन २९

३.२ अनुच्छेद लेखन क्षमताको विश्लेषण २९

३.२.१ सिद्धान्त कथन २९

३.२.१.१ प्रतिशत (Percentile) ३०

३.२.१.२ मध्यमान (Mean) ३०

३.२.१.३ मानक विचलन ३०

३.२.१.४ टि. मान ३१

३.२.२ समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको स्थिति ३२

३.२.२.१ समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको प्रतिशताङ्क स्थिति ३२

३.२.२.२ समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको स्थिति प्रतिशताङ्कमा ३५

३.२.२.३ समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको आधारमा मध्यमानको स्थिति ३६

३.२.२.४ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको स्थिति ३६

३.२.३ कक्षा नौ(९)मा अनुच्छेद लेखनको आवश्यकता ३७

३.२.३.१ विभिन्न विद्यालयका विषय शिक्षकहरूलाई प्रश्नावली दिई सोधिएका अनुच्छेद लेखनसम्बन्धी प्रश्नबाट प्राप्त उत्तरको विश्लेषण ३७

३.३ सारांश ४१

## परिच्छेद : चार

## तुलनात्मक विश्लेषण

४. व्याख्या, विश्लेषण र प्रस्तुतीकरण ४३

४.१ विभिन्न समूहका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन ४३

४.२ कक्षा नौ(९)मा अध्ययनरत संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताका प्रतिशताङ्क, मध्यमान र टि.मानका आधारमा तुलना ४३

४.३ भाषिक पृष्ठभूमिका आधारमा नेपाली भाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूबीचको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन ४६

४.४ छात्र र छात्रा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलना ४७

४.५ सारांश ४९

## परिच्छेद : पाँच

## सारांश, निष्कर्ष र उपयोगिता

५.१ सारांश ५०

५.२ निष्कर्ष ५१

५.३ शैक्षणिक उपयोगिता ५३

५.४ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू ५५

सन्दर्भ सूची ५६

परिशिष्ट

व्यक्तिवृत्त

## तालिका सूची


| तालिका | | पृष्ठ |
|---|---|---|
| १ | समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको प्रतिशताङ्क स्थिति | ३२ |
| २ | समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको स्थिति प्रतिशताङ्कमा : | ३५ |
| ३ | समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको आधारमा मध्यमानको स्थिति : | ३६ |
| ४ | मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको स्थिति : | ३६ |
| ५ | कक्षा नौ(९)मा अध्ययनरत संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताका प्रतिशताङ्क, मध्यमान र टि.मानका आधारमा तुलना : | ४४ |
| ६ | भाषिक पृष्ठभूमिका आधारमा नेपाली भाषी र नेपाली विमातृभाषी विद्यार्थीहरू बीचको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन : | ४६ |
| ७ | छात्र र छात्रा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलना | ४७ |

## स्तम्भ चित्र सूची


| चित्र | | पृष्ठ |
|---|---|---|
| १ | कक्षा नौ(९)मा अध्ययनरत संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताका प्रतिशताङ्क, मध्यमान र टि.मानका आधारमा तुलना : | ४४ |
| २ | भाषिक पृष्ठभूमिका आधारमा नेपाली भाषी र नेपाली विमातृभाषी विद्यार्थीहरू बीचको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन : | ४६ |
| ३ | छात्र र छात्रा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलना | |

# व्यक्तिवृत्त

फोटो

शेधार्थीको नाम : लक्ष्मी रिमाल
ठेगाना : गैंडाकोट नगरपालिका -४, नवलपरासी
जन्म मिति : २०४४/०४/०२
लिङ्ग : महिला
आमा : सानुमाया रिमाल
वुवा : ढुण्डिराज रिमाल
विभाग/क्याम्पस : बाल कुमारी कलेज, नारायणगढ, चितवन
तह : स्नातकोत्तर
सङ्काय : शिक्षा
परीक्षा क्रमाङ्क : २४१००४९
त्रि.वि. दर्ता क्रमाङ्क : ९-२-२४१-३६-२००५
शैक्षिक वर्ष : २०६६-२०६८
प्रवेशिका परीक्षा : २०५९
प्रविणता प्रमाणपत्र : २०६२
स्नातक : २०६५
स्नातकोत्तर : २०६९

# परिच्छेद एक

# शोध परिचय

## १. परिचय

कुनै पनि विषय, शीर्षक वा अंशमा आधारित भई सिर्जनात्मक तरिकाले स्वतन्त्र र सङ्क्षिप्त रूपमा विस्तार गर्नु नै अनुच्छेद लेखन हो । यसको कुनै निश्चित आकार नभई विद्यार्थीहरूको अनुभव तथा ज्ञानको भण्डारसँग सम्बन्धित हुनाले विद्यार्थी जति-जति माथिल्लो स्तर वा कक्षामा जान्छ त्यति नै मात्रामा यसको विकास हुँदै जान्छ । अनुच्छेद लेखनमा अभिव्यक्तिका वाक्यहरू पारस्परिक संक्षिप्ततामा सङ्गठित भएका हुन्छन् र खास विचारको श्रृङ्खला लिई आवद्ध हुँदै गएको हुन्छ । अनुच्छेद लेखन निबन्ध लेखनको पूर्वाभ्यास पनि हो । यसमा कथ्य विषयको विस्तृत वर्णन, विवरण र विश्लेषणको अपेक्षा गरिदैन । अभिव्यक्तिगत संक्षिप्तता तथा सघनता नै अनुच्छेद लेखनको विशेषताको दृष्टिले मात्र नलेखेर लिखित रचनाको पूर्वाभ्यासको रूपमा हेरिनु पनि बेश हुन्छ । शिक्षार्थीहरूमा रहेको भाषिक त्रुटि निराकरण गर्ने क्रममा अनुच्छेद लेखनको अभ्यास निकै उपयोगी

मानिन्छ ।

### 1=1= शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक “नवलपरासी जिल्ला अन्तर्गत गैंडाकोट क्षेत्रका कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन” रहेको छ ।

### 1=2= शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय, शिक्षाशास्त्र सङ्काय, बालकुमारी कलेज नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर (एम.एड.) तह दोस्रो वर्ष नेपाली शिक्षा बिषयको दशौं पत्र (५९८) पाठ्यक्रमको आवश्यकता परिपूर्तिका लागि तयार पारिएको छ ।

### 1=3= समस्या कथन

भाषा विचार विनिमयको साधन हो । भाषा सुनाइ, बोलाइ, पढाइ र लेखाइका माध्यमबाट सिकिन्छ । भाषाका माध्यमबाट नै मानिसले आफ्ना विचार वा भावलाई अरु व्यक्तिसमक्ष पुऱ्याउँछ भने अरुका विचार वा भावलाई पनि उसले ग्रहण गर्दछ । त्यसैले भाषालाई मानिसको सम्पूर्ण विचारको एकआपसमा आदानप्रदान गर्ने माध्यम भनिन्छ । भाषाका यी चार सीपहरू एक अर्कासँग

अन्तरसम्बन्धित हुन्छन् । सुनाइ बोलाइ र लेखाइ प्रदानात्मक स्वरूपका सीप हुन् । मानव मात्रमा विचार सम्प्रेषणका लागि माध्यम बनेको भाषा सम्प्रेषणका लागि सुनाइ र बोलाइ प्रयोग गरिन्छ । भाषाका चारवटै सीपहरू मध्ये लेखाइ सीप एक महत्वपूर्ण र आवश्यक सीप हो जुनविना भाषा अपुरो हुन्छ । लेखाइ सीपले नै भाषालाई प्रौढता, स्तरीयता र चिरस्थायी बनाउँदछ । भाषाका दुई रूप हुन्छन् : मौखिक र लिखित । मौखिक भाषा अस्थायी हुन्छ भने लिखित भाषा स्थायी किसिमको हुन्छ । यसमा स्थान र समयको सीमा हुँदैन । व्यक्तिले आफूले अनुभव र ज्ञान गरेका कुराहरूलाई अरु समक्ष प्रस्तुत गर्न, ती कुराहरूलाई सम्झनामा राखिराख्न अथवा साँचीराख्न र भविष्यमा आफू र अरुका लागि समेत उपयोगी बनाउन लेखन कलाले मद्दत गर्दछ ।

मनका अन्तरभावनाहरूलाई ध्वन्यात्मक सङ्केतका माध्यमले अभिव्यक्त गर्दा मौखिक भाषा तयार हुन्छ भने ध्वन्यात्मक सङ्केतहरूलाई लिपिको उपयोग गरेर अभिव्यक्त गर्दा लिखित भाषा तयार हुन्छ । यसर्थ मानव मनका विचार, अनुभव, भावनाहरू व्यक्त गर्ने महत्वपूर्ण माध्यम लेखाइ भएकाले विद्यालयमा तल्लो तहदेखि नै विद्यार्थीहरूमा लेखाइ सीपको विकास गराउँदै लैजानु अति आवश्यक हुन्छ । लेखाइ सीप विकासका लागि लेखनसम्बन्धी धेरै कार्यकलापहरू विद्यमान छन् । अनुच्छेद लेखनलाई लेखनकला विकासको महत्वपूर्ण कार्यकलापका रूपमा लिइएको छ ।

अनुच्छेद लेखनमा अनुभव र ज्ञान सम्पन्नताको महत्वपूर्ण भूमिका रहन्छ । अनुच्छेद लेखनले नै लेखाइको प्रौढतालाई सङ्केत गर्दछ । बालबालिकालाई प्रारम्भिक कक्षाहरूमा उनीहरूसँग परिचित छोटो अनुच्छेद लेख्न लगाएर लेखाइ सीप विकास गराउने प्रयत्न गरिन्छ । विद्यालय तथा विश्वविद्यालय तहमा नेपाली पाठ्यक्रमले अनुच्छेद शिक्षणसम्बन्धी पाठ्यवस्तु छनोट गरी स्तरण गरिएको तथ्यले यसको महत्व अझ स्पष्ट हुन्छ ।

यसरी शैक्षणिक पाठ्यक्रमले अनुच्छेद लेखनसम्बन्धी पाठ्यवस्तुलाई महत्व दिइरहेको वर्तमान परिस्थितिमा विद्यालय तहको कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूमा केन्द्रित रहेर अनुसन्धान गर्ने उद्देश्यले "नवलपरासी जिल्लाअन्तर्गत गैंडाकोट क्षेत्रमा कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन" शीर्षकसँग सम्बन्धित प्रस्तुत शोधपत्र निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :

क) नवलपरासी जिल्ला अन्तर्गत गैंडाकोट क्षेत्रका कक्षा नौ (९) मा अध्ययनरत विद्यार्थीको अनुच्छेद लेखन क्षमता के-कस्तो छ ?

ख) कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूमा अनुच्छेद लेखनसम्बन्धी के-कस्ता कमीकमजोरीहरू रहेका छन् ?

ग) अनुच्छेद लेखनका लागि कक्षा नौ (९) मा समावेश गरिएका शीर्षकहरू उपयुक्त छन् कि छैनन् ?

घ) अनुच्छेद लेखन सुधारका लागि के-कस्ता सुझावहरू हुन सक्दछन् ?

अतः यिनै समस्याहरूसँग प्रत्यक्ष सम्बन्ध राखी समाधानको प्रयत्न स्वरूप प्रस्तुत शोधपत्र तयार पारिएको छ ।

## १.४ अध्ययनको उद्देश्य

उद्देश्यविनाको कार्य सार्थक बन्न सक्दैन । उद्देश्यले नै अध्ययनलाई निश्चित प्रक्रिया अपनाउन मार्ग निर्देश गर्दछ । उद्देश्यविना काम गर्न खोज्नु कुहिरोमा रुमल्लिएको काग जस्तै बन्न खोज्नु हो ।

कुनै पनि शोध कार्यको उद्देश्य सम्बद्ध शोध समस्याहरूको प्रमाणिक तथा प्राज्ञिक समाधान प्राप्त गर्नु हो । शोध समस्यले शोधार्थीलाई स्पष्ट मार्गनिर्देश गर्ने काम गर्दछ भने उद्देश्यले ती समस्याहरूलाई समाधान गर्ने बाटोसमेत देखाउँछ । नवलपरासी जिल्लाअन्तर्गत गैंडाकोट क्षेत्रमा कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन गर्ने उद्देश्यले तयार गरिएको यस शोधकार्यका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

क) नवलपरासी जिल्लाअन्तर्गत गैंडाकोट क्षेत्रमा कक्षा नौ(९)मा अध्ययन गर्ने विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता पहिचान गर्नु,

ख) कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीको अनुच्छेद लेखन क्षमतामा देखिएका कमी कमजोरीहरू पत्ता लगाउनु,

ग) कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूको स्थानीयता, लैङ्गिकता, भाषा एवम् विद्यालयको प्रकृतिका आधारमा अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु,

घ) कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूमा अनुच्छेद लेखनसम्बन्धी देखिएका कमी-कमजोरीहरू पहिचान गरी निराकरणका लागि आवश्यक उपायहरू पहिल्याउनु ।

विशेषतः नवलपरासी जिल्ला अन्तर्गत गैंडाकोट क्षेत्रमा कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन गर्नु नै यस शोधपत्रको प्रमुख उद्देश्य रहेको छ भने विद्यार्थीहरूको स्थानीय परिवेश, लिङ्गगत, भाषागत तथा विद्यालय प्रकृतिका आधारमा अनुच्छेद लेखन क्षमताको अध्ययन गरी यसमा रहेका कमी कमजोरीहरू निराकरण गर्नका लागि आवश्यक उपायहरू पहिल्याउने प्रयास गर्नु नै यस शोधपत्रको उद्देश्य रहेको छ ।

### १.५ अध्ययनको औचित्य र महफ्व

भाषा सर्वश्रेष्ठ चेतनशील प्राणी मानवमात्रको निजी पेवा हो र यो विचार विनिमयको प्रभावशाली माध्यम भएकाले मानवीय भावना, विविध घटना, प्रसङ्ग, वातावरण परिस्थिति तथा व्यवहार आदिमा विचारको विनिमय गर्नु हो । मौखिक र लिखित दुबै ढङ्गबाट विचारको आदान-प्रदान हुन्छ । भाषाको मूल रूप मौखिक नै हो तर पनि शिक्षा, स्वास्थ्य, सञ्चार तथा प्रशासनिक गतिविधिमा भाषाको लिखित स्वरूपलाई उपयोगमा ल्याइन्छ । त्यसैले पनि लेखाइ सीपको विकास गर्नु अत्यावश्यक ठानिन्छ । सम्प्रेषणात्मक क्षमतालाई सशक्त र प्रभावकारी बनाउँदै जीवन्तता प्रदान गर्नु भाषा सिकाइको औचित्य ठहरिन्छ ।

अनुच्छेद लेखन प्रक्रिया लेखाइ सीप विकासको लागि प्रमुख कार्यकलापका रूपमा रहन्छ, अनुच्छेद लेखन समग्र वाङ्मयको सिर्जनागर्ने आधारभूत जग निर्माणको चरण हो । अनुच्छेदमा रचनात्मक पक्षहरू समावेश हुने हुनाले विद्यार्थीको अनुच्छेद लेखन क्षमताको अध्ययन अनुसन्धान आवश्यक ठहरिन्छ । शुद्ध, प्रासङ्गिक, समय सापेक्षरूपमा लेखेर आफ्नो जीविकोपार्जन कार्यक्रममा संलग्न व्यक्तिका लागि पनि अनुच्छेद लेखन आवश्यक छ । विद्यार्थीमा रहेका लिखित अभिव्यक्ति क्षमता पहिचान गर्ने प्रमुख आधार पनि अनुच्छेद लेखन नै भएको कारण यस शोधकार्यमा विद्यार्थीको अनुच्छेद लेखन क्षमतालाई अग्रभूमिका रूपमा स्थापित गरिएको छ ।

नेपाल चार जात छत्तीस वर्णको साझा फूलबारी हो, यहाँ विभिन्न भाषाहरू बोलिन्छन् । वर्तमान अवस्थामा नेपालमा अस्तित्वमा रहेका सम्पूर्ण भाषाहरूलाई अन्तरिम संविधान -२०६३ ले राष्ट्रभाषाको मान्यता प्रदान गरेको छ । यो भाषाले सम्पूर्ण भाषाहरू सबै जात-जाति, धर्म, लिङ्ग, क्षेत्र तथा वर्गलाई एकताको सूत्रमा बाँध्ने काम गरेको छ । सम्पूर्ण नेपालीको साझा सम्पर्क तथा सरकारी कामकाजको भाषाका रूपमा ऐतिहासिक मान्यता प्राप्त गरेको छ । यस भाषाको विद्यालय तहदेखि विश्वविद्यालयसम्म अध्ययन अध्यापन हुँदै आएको छ । विभिन्न पाठ्यक्रममा समावेश गरिएको छ । नेपाली भाषाको अध्ययन, अनुसन्धान विभिन्न क्षेत्रमा समयानुकूल सुदृढ र विकास हुँदै आएको छ र यस भाषालाई विभिन्न संघ संस्था राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा पनि विकसित, विस्तारित एवम् सुदृढ गरी यसको पहिचान एवम् गरिमालाई उच्च राख्नका लागि समेत यसको विकास गर्न अत्यावश्यक छ तसर्थ नेपाली भाषालाई नेपाली मातृभाषी र विमातृभाषी, छात्र, छात्रा बहुभाषी विद्यार्थी समाजमा अझ घनिष्टता कायम राख्न आवश्यक छ । यसका लागि लिखित अभिव्यक्ति क्षमतालाई परिष्कार, परिमार्जन, स्तरीयता तथा मानकता प्रदान गर्नका लागि शुद्ध रूपको विकास गर्न लेखन सीपको विकास अति आवश्यक हुन्छ । नेपाली भाषाको माध्यमबाट

विविध लेखनगत प्रस्तुति हुने गरेको पाइन्छ । तर पनि विद्यार्थीहरुको आफ्नो प्रयोग व्यवहारमा पूर्णरूपमा भाषिक शुद्धता हुन सकेको भने देखिदैन । यसका साथ-साथै बोलाइ र लेखाइमा अशुद्धता, क्रमभङ्गता गर्ने गरेको पाइन्छ । कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूले अनुच्छेद लेखनका क्रममा विभिन्न वर्णविन्यासीय त्रुटि गरेको र यस सम्बन्धमा वाक्यगठनसम्बन्धी त्रुटिहरू भाषाको प्रयोगमा हुने अस्पष्टता साथै स्तरअनुरूपको लेखनगत त्रुटि यी र यस्तै विविध समस्यालाई ध्यानमा राखी नेपाली भाषाको सन्दर्भ प्रसङ्ग, स्तरअनुसारको लेखाइ सीपको विकास गरी लेखाइमा शुद्धता ल्याउन प्रस्तुत अध्ययन सहयोगी सावित हुनेछ ।अनुच्छेद लेखनलाई विद्यालय तहदेखि उच्च माध्यमिक तहसम्म विशेष महत्वका साथ हेरिएको कारण कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको पहिचान, विविध भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमता पहिचान गर्न र छात्र, छात्राबीचको लेखन क्षमताको तुलनात्मक अध्ययन गर्न यस अध्ययन मार्गदर्शक बन्नेछ ।

समयको बदलिँदो परिवेशसँगै पाठ्यक्रम, पाठ्यसामग्री, पाठ्यपुस्तक निर्माण, शिक्षण प्रक्रिया र पद्धतिमा समेत परिमार्जन गर्दै लेखन सीप विकासका लागि यो अध्ययनले एउटा ईंटा थप्न सक्ने अपेक्षा गरिएको छ । लिखित अभिव्यक्तिमा देखिने विविध खालका लेखनगत समस्या समाधान गर्न यो अध्ययनले आवश्यक सहयोग गर्नेछ । अनुच्छेद लेखनको लेखाइ सीप विकास तथा भाषा शिक्षणका क्षेत्रमा आफ्नो छुट्टै पहिचान रहेको छ । विविध अनुच्छेदहरूको रचना गरी त्यसबाट वोध, प्रश्नोत्तर, बुँदा टिपोट, प्रतिवेदन लेखन, संक्षिप्त उत्तर लेख्ने प्रक्रियालाई यस अध्ययनले सहयोग गर्नेछ । विद्यार्थीले विभिन्न घटनालाई मध्यनजर गर्दै लिखित अभिव्यक्ति दिन, भावसम्प्रेषण गर्न समर्थ छन् कि छैनन् भनी अध्ययन गरी नेपाली भाषा शिक्षण गर्ने शिक्षक, अध्येता तथा नेपाली भाषा लेखन सीपप्रति अभिरुचि राख्ने जो कोहीलाई पनि यस अनुसन्धानले सहयोग गर्नुका साथै भविष्यमा नेपाली भाषा र लेखन सीपको अध्यापन गर्ने अध्यापकका लागि मार्गदर्शकका साथै लेखन सीप विकासका लागि आवश्यक रणनीति तय गरी आफ्नो शिक्षण कौशलमा निखारता ल्याउन यस अनुसन्धानले महत्वपूर्ण सहयोग गर्नेछ ।

### १.६ शोधको सीमाङ्कन

कुनै पनि अनुसन्धान गर्दा त्यसलाई निश्चित सीमामा बाँध्नु आवश्यक हुन्छ । सीमाङ्कन नगरिएका अध्ययनहरू गन्तव्यमा पुग्दैनन् । स्नातकोत्तर तहको पाठ्यक्रमको आवश्यकता पूर्ति गर्ने प्रयोजनका लागि यो शोध पत्र तयार गर्दा पनि यसलाई निश्चित सीमामा बाँध्ने काम गरिएको छ ।

सम्पूर्ण पक्षलाई नसमेटी अध्ययनको व्यापकता र गहिराइलाई निश्चित क्षेत्रमा सीमित गरिएको छ । तसर्थ प्रस्तुत अध्ययनलाई निम्न बुँदाहरूमा सीमाबद्ध गरिएको छ :

क) नवलपरासी जिल्ला अन्तर्गत गैंडाकोट क्षेत्रका ४ वटा संस्थागत विद्यालयहरू मध्ये बालविकास उच्च मा.वि., नमुना आवासीय उच्च मा.वि., विजय सामुदायिक शिक्षा सदन र कन्टिनेन्टल आवासीय उच्च मा.वि. रहेका छन् भने ४ वटा सामुदायिक विद्यालयहरूमा जनक उच्च मा.वि., कालिका उच्च मा.वि., नेपाल राष्ट्रिय शमसेर मा.वि. र नारायणी मा.वि.मा गई कक्षा
नौ(९)मा अध्ययनरत विद्यार्थीहरूको मात्र अध्ययन सीमित गरिएको छ ।

ख) माथि उल्लेख गरेका विद्यालयबाट असी(८०) जना विद्यार्थीहरू मध्ये ४० जना छात्र र ४० जना छात्राको मात्र अध्ययनमा सीमित रहेको छ ।

ग) कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूको लैङ्गिकता, स्थानीयता र विद्यालयको प्रकृतिका आधारमा अनुच्छेद लेखन क्षमताको अध्ययनमा सीमित गरिएको छ ।

## १.७ शोधपत्रको रूपरेखा

"नवलपरासी जिल्ला अन्तर्गत गैंडाकोट क्षेत्रका कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन" विषयक यस शोधपत्र जम्मा ६ परिच्छेदमा सङ्गठित गरिएको छ । यस शोधपत्रमा क्रमशः शोध परिचय, सैद्धान्तिक परिचय, अध्ययन विधि, व्याख्या र विश्लेषण, तुलनात्मक विश्लेषण र अन्त्यमा निष्कर्ष र सुझाव जस्ता शीर्षकहरूमा विभाजन गरी परिच्छेद प्रस्तुत गरिएको छ । समग्रमा यस शोधकार्यको सङ्क्षिप्त रूपरेखा निम्नलिखित ढाँचाको छ :

### परिच्छेद एक : शोध परिचय

यस शीर्षकअन्तर्गत प्रस्तुत शोधपत्रको समग्र परिचय दिइएको छ । शोध शीर्षक, शोध प्रयोजन, समस्या कथन, उद्देश्य, सीमा, अध्ययनको औचित्य आदि यस शीर्षकका उपशीर्षक रहेका छन् ।

**परिच्छेद दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक प्रारूप**

यस खण्डमा पूर्वकार्यको समीक्षा, पाठ्यपुस्तक अनुच्छेद लेखन तथा त्यससँग सम्बन्धित शोध कार्यको समीक्षा, सैद्धान्तिक प्रारूप, परिभाषा, प्रयोजन, ढाँचा, प्रकार, अनुच्छेद लेखनको विधि र प्रक्रिया, अनुच्छेद लेख्दा ध्यानदिनुपर्ने कुराहरू, भाषिक सीप र अनुच्छेद लेखन शिक्षणको आवश्यकता एवम् महफ्व, साहित्यिक एवम् साहित्येत्तर लेख रचनामा अनुच्छेद लेखनको भूमिका, लेखाइ सीप विकासमा अनुच्छेद लेखनको भूमिका, माध्यामिक तहमा लेखाइ शिक्षणको आवश्यकता र महफ्व र सारांश आदिका बारेमा यस शीर्षक अन्तर्गत अध्ययन गरिएको छ ।

**परिच्छेद तिन : अध्ययन विधि**

यस शीर्षकअन्तर्गत जनसङ्ख्याको अध्ययन, विधि, छनौट प्रक्रिया, सामाग्री निर्माण, तथ्याङ्क सङ्कलन, अनुच्छेद लेखन क्षमताको विश्लेषण समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको स्थिति, कक्षा नौं (९) मा अनुच्छेद लेखनको आवश्यकता र सारांश आदि उप-शीर्षकहरू रहेका छन् ।

**परिच्छेद चार : व्याख्या र विश्लेषण**

यस खण्डमा समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको स्थितिको बारेमा अनुसन्धान गरिएको छ । मध्यमान र मानक विचलनका आधारमा सम्पूर्ण विद्यार्थीहरूको अनुच्छेद लेखनको अवस्थाको अध्ययन गरिएको छ । सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको स्थितिको अध्ययन यस शीर्षकअन्तर्गत गरिएको छ । नेपाली मातृभाषी तथा विमातृभाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको स्थितिको अध्ययन गरिएको छ ।

नमुनामा परेका विद्यार्थीहरूको भाषागत, लिङ्गगत, विद्यालयको प्रकृति, स्थानीयता आदिका आधारमा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक विश्लेषण गर्नु नै यस अध्ययनको प्रमुख कार्य रहेको छ ।

**परिच्छेद पाँच : सारांश, निष्कर्ष र उपयोगिता**

प्रस्तुत अध्ययनको उत्तरार्धमा निष्कर्ष र सुझाव समावेश गरिएको छ । अध्ययनबाट प्राप्त उपलब्धिका आधारमा निष्कर्षहरू तथा आवश्यक सुझावहरू समावेश गरिएको छ । अन्त्यमा सन्दर्भ सूची र परिशिष्ट प्रस्तुत गरी शोधपत्रलाई साङ्गो पाङ्गो रूपमा व्यवस्थापन गरिएको छ ।

# परिच्छेद दुई
# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक प्रारूप

## २.१ पूर्वकार्यको समीक्षा

कुनै पनि अनुसन्धान कार्य गर्नुभन्दा पहिले विगतमा त्यससम्बन्धी भएका अध्ययन अनुसन्धानहरूको समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । पूर्वकार्यको समीक्षाबाट आफूले गर्न लागेको अध्ययनसँग सम्बन्धित अध्ययन अनुसन्धान भए नभएको जानकारी प्राप्त गरी आफ्नो अनुसन्धानलाई उद्देश्यमूलक बनाउन सहयोग मिल्दछ ।

पूर्वकार्यको समीक्षाबाट अध्ययन गर्न लागिएको विषयको पुनरावृत्ति नहुने, अनावश्यक कार्यमा अल्मलिन नपर्ने, हुन बाँकी रहेका अनुसन्धेय विषयको ज्ञान हुने, अनुसन्धान कार्य सम्पन्न गर्नका लागि अवलम्बन गनुपर्ने विविध विधि तथा प्रक्रियाहरूको जानकारी प्राप्त गरी आफूले गर्ने अनुसन्धानलाई उद्देश्यमूलक र प्रभावकारी गराउनका लागि मद्दत मिल्दछ । ती पूर्व निर्मित शोध सामग्रीको अध्ययनबाट आफूले गर्ने शोधको सीमा निर्माण, उद्देश्य, विधि तथा समस्या पहिचान गर्नसमेत सहयोग प्राप्त हुन्छ । तसर्थ शोध कार्य गर्नुपूर्व सम्बन्धित विषय शीर्षकमा सम्पन्न भए गरेका अनुसन्धानको समीक्षा गर्नु आवश्यक हुन्छ । व्यवस्थित र अर्थपूर्ण ढङ्गले शोधकार्य सम्पन्न गर्नुका साथै उद्देश्यलाई सार्थक बनाउन विगतका प्रयासहरूलाई दुई उपवर्गमा वर्गीकरण गरी समीक्षा गरिएको छ ।

### २.१.१ पाठ्यपुस्तक, अनुच्छेद लेखन तथा त्यससँग सम्बन्धित शोध कार्यको समीक्षा

कुनै शीर्षकमा निहित भावको स्वतन्त्ररूपमा संक्षिप्त विचार विस्तार गर्नु नै अनुच्छेद लेखन हो । अनुच्छेद वाक्यभन्दा ठूलो र माथिल्लो एकाइ हो । विभिन्न विद्वानहरूले अनुच्छेदका बारेमा विभिन्न विचारहरू उल्लेख गर्दै आफ्ना पाठ्यपुस्तक र शोध कार्य मार्फत व्यक्त गरेका छन् जसलाई निम्नानुसार उल्लेख गरिएको छ :

बज्राचार्य (२०३९) द्वारा “अनुच्छेद लेखन एक अध्ययन : कक्षा आठ : निबन्ध विधा” शीर्षकमा शोधकार्य गरेको पाइन्छ । यसमा ललितपुर जिल्लाका विद्यार्थीहरूको विभिन्नपृष्ठभूमिका आधारमा उनीहरूको निबन्ध लेखन क्षमता के-कस्तो रहेको छ भन्ने उद्देश्यले गरिएको उक्त अध्ययनमा ललितपुर जिल्लाभित्र पर्ने ५ वटा विद्यालयमा जम्मा १२५ जना विद्यार्थीहरूलाई “मानिस” शीर्षकमा बुँदा टिप्न लगाई निबन्ध लेखन गरिएको छ भने उक्त शोधपत्रमा निष्कर्षका रूपमा प्राप्त नतिजा अनुच्छेद लेखनमा २५% देखि ८०% सम्म देखाइएको छ ।

अधिकारी (२०५०) द्वारा लिखित "नेपाली भाषा शिक्षण" नामक पुस्तकमा भाषा शिक्षणका पक्षहरूको चर्चा गर्ने क्रममा लेखाइ शिक्षण पनि समावेश गरिएको छ । (अधिकारीः २०५०: पृ.११०-१२९) । यसमा लेखाइसम्बन्धी कार्यकलापहरू, लेखाइको शुद्धिकरण, आभ्यासिक, निर्देशित र स्वतन्त्र तथा सिर्जनात्मक लेखन शिक्षणका बारेमा चर्चा गरिएको पाइन्छ ।

शर्मा (२०५३) को "शब्दरचना र वर्णविन्यास, वाक्यतत्व, अभिव्यक्ति र पाठहरू" नामक पुस्तकमा पनि अनुच्छेदलाई अभिव्यक्तिको माध्यम मानी अभिव्यक्तिको संयमित उडानको कला मानेर कुनै शीर्षक वा विषयबारे सु-सम्बद्ध वाक्यको रचना गर्नु अनुच्छेद लेखन हो भन्ने कुराको चर्चा गरिएको छ । (शर्माः २०५३: पृ. १८५) ।

लामिछाने (२०६२) द्वारा लिखित "नेपाली भाषा शिक्षण परिचय" नामक पुस्तकमा पनि लेखाइ शिक्षण तथा यसको आवश्यकता र क्रियाकलापहरूको चर्चा गरिएको छ । (लामिछानेः २०६२: पृ. १८५) । यसमा लेखाइ शिक्षणका विविध कार्यकलापमा अनुच्छेद लेखन लगायत अन्य क्रियाकलापहरूको चर्चा गरिएको पाइन्छ । वाक्यात्मक तहभन्दा माथिल्लो एकाइका रूपमा रहेको अनुच्छेदमा वाक्यहरू सङ्गठित भएका हुन्छन् । यसबाट लेख्य क्षमता बुझ्न सजिलो पर्ने भएकोले अनुच्छेद लेखन कार्यकलाप गराउनु हरेक दृष्टिकोणबाट फाइदाजनक हुने कुराको चर्चा यस पुस्तकमा गरिएको पाइन्छ ।

यसैगरी ढुङ्गेल र ढकाल (२०६४) द्वारा तयार पारिएको नेपाली भाषा शिक्षणसँग सम्बन्धित लेखाइ शिक्षणअन्तर्गत विभिन्न विधाहरूको उल्लेख गरिएको छ । (ढुङ्गेल र ढकालः २०६४: पृ. १८५) । जसले गर्दा अनुच्छेद लेखनलाई लेखन सीप विकासको महत्वपूर्ण कार्यकलापको रूपमा रहेको पाइन्छ ।

बराल (२०६५) द्वारा "कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन" शीर्षकमा अनुसन्धान गरेको पाइन्छ । (बरालः २०६५: पृ. उल्लेख नगरीएको) । यस शोधकार्यमा काठमाण्डौं उपत्यकाका ६ वटा विद्यालयहरूमा अध्ययनरत ६० जना विद्यार्थीहरूमा अनुच्छेद लेखन क्षमताको पहिचान गरिएको पाइन्छ । यस शोधकार्यका अनुसार छात्राहरूको तुलनामा छात्रहरू अनुच्छेद लेखनमा बढी सक्षम रहेको कुरा अध्ययनको तथ्याङ्कले बताउँछ । समग्र अध्ययनका क्रममा कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता सन्तोषजनक नै पाउन सकिन्छ ।

भण्डारी र अन्य (२०६६) को सहलेखनमा तयार पारिएको "साधारण नेपाली" नामक पुस्तकमा अनुच्छेद लेखनको परिचय, लेख्ने तरिका, अनुच्छेदका प्रकार, नमुना दिई कुनै विषय वा

शीर्षकका बारेमा लेखिएका एकभन्दा बढी वाक्यहरूको समूहलाई अनुच्छेद भनी उल्लेख गरिएको छ । (भण्डारी र अन्यः २०६६ः पृ. उल्लेख नगरीएको) ।

त्यसैगरी खत्री (२०६६) द्वारा तयार परिएको "उच्च माध्यमिक तह कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन" शीर्षकमा अनुसन्धान गरेको पाइन्छ । (खत्रीः २०६६ः पृ. उल्लेख नगरीएको) । जसअन्तर्गत गोरखा जिल्लाका ६ वटा उच्च मा.वि.मा अध्ययनरत ६० जना विद्यार्थीहरूमा अनुच्छेद लेखन क्षमताको पहिचान गरिएको पाइन्छ । यसमा छात्रहरूको तुलनामा छात्राहरू अनुच्छेद लेखनमा बढी सफल भएको प्रस्तुत अध्ययनको तथ्याङ्कले बताउँछ । समग्र अध्ययनका आधारमा कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता सन्तोषजनक नै पाउन सकिन्छ ।

त्रिताल (२०६६) द्वारा "कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन" शीर्षकमा अनुसन्धान गरेको पाइन्छ । (त्रितालः २०६६ः पृ. उल्लेख नगरीएको) । उक्त शोधकार्यमा धनकुटा जिल्लाका ६ वटा विद्यालयमा अध्ययनरत ६० जना विद्यार्थीहरूमा अनुच्छेद लेखन क्षमताको पहिचान गरिएको पाइन्छ । यसमा छात्रहरूको तुलनामा छात्राहरू अनुच्छेद लेखनमा बढी सफल हुन सकेको कुरा प्रस्तुत अध्ययनको तथ्याङ्कले जनाउँदछ । यस अध्ययनले विद्यार्थीहरूको अनुच्छेद लेखनका माध्यमबाट स्वतन्त्र तथा सिर्जनात्मक लेखनसम्बन्धी क्षमताको पहिचान गर्न सकिनेछ । साथै अनुच्छेद लेखनका क्रममा विद्यार्थीहरूमा देखिएका कमीकमजोरीहरू पत्ता लगाई निराकरण गर्नु र अनुच्छेद लेखन क्षमता अभिवृद्धिका लागि उचित सुझावहरू दिनु रहेका छन् ।

शर्मा र पौडेल (२०६७) को सहलेखनमा तयार पारिएको "नेपाली भाषा र साहित्य शिक्षण" नामक पुस्तक पनि अत्यन्त उपयोगी बनेको छ । (शर्मा र पौडेलः २०६७ः पृ. १८५) । यसमा विभिन्न भाषिक सीपहरूको चर्चाका क्रममा लेखन कला शिक्षणको उल्लेख गरिएको छ । यस कार्यकलापअन्तर्गत यान्त्रिक, निर्देशित, स्वतन्त्र तथा सिर्जनात्मक रूपले चर्चा गरिएको छ । त्यसैले अनुच्छेद लेखन क्षमताको विकासका लागि यस पुस्तक सान्दर्भिक ठानिएको छ ।

ढकाल (२०६७) द्वारा लिखित "भाषा शिक्षण परिचय र प्रयोग" नामक पुस्तकमा पनि लिखित अभिव्यक्ति शिक्षणका कार्यकलापअन्तर्गत अनुच्छेद लेखनलाई पनि समेटिएको छ । (ढकालः २०६७ः पृ. १८५) । यस पुस्तकमा अनुच्छेद लेखनले निबन्ध लेखनको पूर्वाधार तयार पार्ने कुराको चर्चा गरिएको छ ।

यसरी माथि उल्लेखित विभिन्न पाठ्यपुस्तकका साथै शोधपत्रलाई हेर्दा लेखनसीप विकाससँग सम्बन्धित केही अध्ययन अनुसन्धान भएको पाइए पनि विस्तृत, व्यापक र गहनरूपमा अध्ययन भने

भएको पाइँदैन । त्यसैले यसै कुरालाई मध्यनजर गर्दा कक्षा नौ(९) मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन शीर्षकमा गरिएको शोधकार्य प्रभावकारी बन्ने अपेक्षा गरिएको छ ।

## २.२ सैद्धान्तिक प्रारूप

कुनै पनि विषय, शीर्षक वा अंशमा आधारित भई सिर्जनात्मक तरिकाले स्वतन्त्र र सङ्क्षिप्त रूपमा विस्तार गर्नु नै अनुच्छेद लेखन हो । यसको कुनै निश्चित आकार नभई विद्यार्थीहरूको अनुभव तथा ज्ञानको भण्डारसँग सम्बन्धित हुनाले विद्यार्थी जति-जति माथिल्लो स्तर वा कक्षामा जान्छ त्यति नै मात्रामा यसको विकास हुँदै जान्छ ।

अभिव्यक्तिगत संक्षिप्तता र गहनता नै यसको विशेषता हो । यसलाई विभिन्न शैलीमा लेख्न सकिन्छ, जस्तैः आख्यानात्मक, वर्णनात्मक, विवरणात्मक, वस्तुपरक, आत्मपरक, भावात्मक, विश्लेषणात्मक, आलङ्कारिक र तार्किक आदि ।

अनुच्छेद लेखनमा अभिव्यक्तिका वाक्यहरू पारस्परिक संक्षिप्ततामा सङ्गठित भएका हुन्छन् र खास विचारको श्रृङ्खला लिई आवद्ध हुँदै गएको हुन्छ । अनुच्छेद लेखन निबन्ध लेखनको पूर्वाभ्यास पनि हो । यसमा कथ्य विषयको विस्तृत वर्णन, विवरण र विश्लेषणको अपेक्षा गरिदैन । अभिव्यक्तिगत संक्षिप्तता तथा सघनता नै अनुच्छेद लेखनको विशेषताको दृष्टिले मात्र नलेखेर लिखित रचनाको पूर्वाभ्यासको रूपमा हेरिनु पनि बेश हुन्छ । शिक्षार्थीहरूमा रहेको भाषिक त्रुटि निराकरण गर्ने क्रममा अनुच्छेद लेखनको अभ्यास निकै उपयोगी मानिन्छ ।

### २.२.१ परिभाषा

कुनै अंश वा विषयमा आधारित भएर अनेक वाक्यहरू लेखी तयार गरिने सङ्कथनलाई अनुच्छेद भनिन्छ । अनुच्छेदमा विभिन्न वाक्यहरूको संयोजन हुन्छ तर यो एक अनुच्छेदमै पूरा हुनुपर्दछ । अनुच्छेद मौलिक र सिर्जनात्मक क्षमतासँग सम्बन्धित भएकाले यसमा आफ्नै दृष्टिकोण लेखिएको हुन्छ । (ज्ञवाली र भट्टराईः २०६०: पृ. १२९) ।

कुनै शीर्षकमा निहित भावको स्वतन्त्र रूपमा संक्षिप्त विस्तार गर्नु अनुच्छेद लेखन हो । यसलाई लेखनकलाको महत्वपूर्ण कार्यकलाप मानिन्छ । यसको आकार प्रकार विद्यार्थीहरूको अनुभव

सङ्गठन गर्ने क्षमतासँग सम्बन्धित हुन्छ । अभिव्यक्तिगत संक्षिप्तता र गहनता नै यसको विशेषता हो । (शर्मा र पौडेल: २०६७: पृ. १५) ।

"एक वा एकभन्दा बढी वाक्यहरू मिलेर बनेको एकाइलाई अनुच्छेद भनिन्छ ।" भने "कुनै शीर्षक वा विषयबारे अनेक सु-सम्बद्ध वाक्यको रचना गर्नु अनुच्छेद लेखन हो" । (शर्मा: २०५८: पृ. १५) । अनुच्छेद लेखन मौलिक र स्वतन्त्र लेखन हो । यसमा विषय, शीर्षकबारे आफ्नै ढङ्गमा सोचिन्छ र एक अनुच्छेदमै सीमित रहेर विषय वा शीर्षक बारे विस्तार गरिन्छ ।

अनुच्छेद एक अभिव्यक्ति हो जहाँ वाक्यभन्दा ठूलो एकाइ रहन्छ । अनुच्छेद स्वतन्त्र र सिर्जनात्मक तरिकाले प्रस्तुत गरिने आलेख हो, यसमा एक वा एकभन्दा बढी वाक्यहरू प्रस्तुत गरिन्छ । अनुच्छेद विविध वाक्यहरूको संयोजन भए पनि यो एक अनुच्छेदमा नै पूर्ण हुनुपर्दछ । यो सिर्जनात्मक लेखनसँग सम्बन्धित हुन्छ । यो स्वतन्त्र र सिर्जनात्मक लेखन भएकोले यसमा एक अनुच्छेद भित्रै आरम्भ, विकास र अन्त्य हुन्छ ।

अनुच्छेदमा विभिन्न वाक्यहरू सङ्गठित रूपमा रहेका हुन्छन् । अनुच्छेद सङ्कथन वा अभिव्यक्तिको वाक्यभन्दा माथिल्लो भाषिक अभिव्यक्ति भएकाले एकभन्दा बढी वाक्यहरूको विस्तारको सङ्केत पहिलो पङ्तिमा छोडिने खाली ठाउँले गर्दछ । कुनै पनि विषयमा रहेर अनुच्छेद लेखन गर्दा वाक्यहरूलाई क्रमबद्ध रूपमा लेखिन्छ । त्यसैले अनुच्छेद लेखनमा वाक्यहरूको क्रमवद्धता हुन्छ । सन्दर्भको प्रकृतिअनुसार दुई-चार वाक्यदेखि पन्ध्र-बीस वाक्यको पनि अनुच्छेद लेख्न सकिन्छ ।

त्यसैगरी "अनुच्छेद संयमित उडानको कला हो । कुनै शीर्षक वा विषयका बारेमा अनेक सु-सम्बद्ध वाक्यको रचना गर्नु अनुच्छेद लेखन हो । अनुच्छेदको संरचना एक वा एकभन्दा बढी वाक्यबाट हुन्छ तापनि यहाँ अनुच्छेद लेखनको तात्पर्य एकभन्दा बढी वाक्यबाट अनुच्छेदको रचना गर्नु हो" । (शर्मा: २०५३: पृ. १८९) ।

अनुच्छेद लेखनका माध्यमले विद्यार्थीहरूको अभिव्यक्तिको स्तर ठम्याउन शिक्षकलाई मद्दत मिल्दछ । यसलाई खास व्याकरणात्मक र वर्णविन्यासीय गल्ती निराकरणको अभ्यासका लागि समेत उपयोगी बनाउन सकिन्छ । यसरी अनुच्छेद लेखनलाई स्वतन्त्र लेखन मात्र नभई निर्देशित लेखन पनि बनाउन सकिने देखिन्छ र उक्त क्रममा विषय शीर्षक दिई विद्यार्थीहरूलाई अनुच्छेद लेख्न लगाउने र तिनमा भएका व्याकरणात्मक तथा वर्ण विन्यासीय त्रुटिहरूलाई निर्देशन गरी तिनको

निराकरणार्थ त्यस्तै किसिमका अन्य अनुच्छेद फेरि-फेरि लेख्न लगाइरहन सकिन्छ । (अधिकारीः २०६१: पृ. १२६) ।

अनुच्छेदको संरचना र स्वरूपलाई विभिन्न विद्वानहरूले आ-आफ्नो विचार पोख्ने जमर्को गरेका छन् । ती मध्ये केही व्यक्तित्वहरूका अनुच्छेदसम्बन्धी परिभाषाहरूलाई तल प्रस्तुत गरिएको छ :

“एक वा एकभन्दा बढी वाक्य मिलेर बनेको वाक्यभन्दा ठूलो एकाइलाई अनुच्छेद भनिन्छ” । (शर्माः २०५८: पृ. १५) ।

“कुनै शीर्षकमा निहित भावको स्वतन्त्र रूपमा संक्षिप्त विस्तार गर्नु नै अनुच्छेद लेखन हो । यसलाई लेखन कलाको महत्वपूर्ण कार्यकलाप मान्न सकिन्छ । जति माथिल्ला कक्षामा गयो उति यसको आकार बढ्दै जान्छ । अभिव्यक्तिगत संक्षिप्तता र गहनता नै यसको विशेषता हो” । (शर्मा र पौडेलः २०६७: पृ. १८५) ।

“वाक्यभन्दा माथिल्लो एकाइ अनुच्छेद हो । यो विभिन्न वाक्यको समूहबाट बनेको सङ्गठित, वैचारिक एकाइका रूपमा अभिव्यक्त वाक्यहरू पारस्परिक सापेक्षतामा सङ्गठित भएका हुन्छन् । एक वाक्य अर्को वाक्यको सापेक्षमा खास विचारको श्रङ्खला लिई आवद्ध हुँदै गएको हुन्छ ” । (अधिकारीः २०६७: पृ. १८५) ।

“कुनै ग्रन्थमा परिच्छेदभित्रको सानो खण्ड वा उपपरिच्छेदलाई अनुच्छेद भनिन्छ । यसलाई पुस्तक वा लेखमा एक-एक बुँदा वा वचार छुट्याएर लेखेको खण्ड वा प्रवर्दक वा उपदफा पनि भनिन्छ ” । ( शर्माः २०५८: पृ. १५) ।

“अनुच्छेदको अभिप्राय के हो भने कुनै वस्तु, घटना वा अनुभवका आधारमा कुनै विषय वा शीर्षकमा केन्द्रित भई एक अनुच्छेद लेख्न लगाउनु हो । जहाँ वाक्यात्मक तहभन्दा माथिल्लो एकाइका रूपमा रहेको अनुच्छेदमा विभिन्न वाक्यहरू सङ्गठित भएका हुन्छन् । यसको कुनै निश्चित आकार नभई विद्यार्थीको अनुभव तथा ज्ञानको भण्डारसँग सम्बन्धित रहने हुनाले जति माथिल्लो कक्षामा गयो उति नै यसको फैलावट हुँदै जान्छ ” । लामिछानेः २०६२: पृ. १८५ ।

नेपाली वृहत शब्दकोशमा “कमभन्दा कम वाक्यहरूको समूहबाट केही कुरा व्यक्त गरिएको आलेख अनुच्छेद हो । यो आलेखको सबैभन्दा तल्लो कोटि वा अभिव्यक्ति खण्ड हो । यसले कुनै लेख वा प्रबन्धका बुँदाहरू मध्ये कुनै एकलाई प्रतिनिधित्व गर्दछ ” भन्ने कुरा उल्लेख भएको छ । नेपाली बृहत शब्दकोश (शब्दकोशः २०५५: पृ. ३०) ।

"कुनै लेख वा रचनाको एक खण्ड जुन अर्को खण्डबाट ठाउँ छोडाइका आधारमा छुट्टिएको हुन्छ । गद्य अभिव्यक्तिको एक अंश वा एउटा अखण्डित/सिङ्गो, छोटो गद्यात्मक अभिव्यक्तिलाई अनुच्छेद भनिन्छ" । प्रयोगात्मक नेपाली शब्दकोश (शब्दकोशः २०५५: पृ. ३०) ।

यसरी माथि उल्लेखित विभिन्न विद्वानहरूका परिभाषाहरूलाई समेट्दा अनुच्छेद भन्नाले कुनै पनि विषय वा शीर्षकका बारेमा सिर्जनात्मक तरिकाले गरिने लिखित अभिव्यक्ति हो । यो दुई वा दुईभन्दा बढी वाक्यहरू मिली बनेको संक्षिप्त संरचनात्मक भाषिक एकाइ हो । यसको प्रमुख विशेषता भन्नु नै अभिव्यक्तिगत संक्षिप्तता र गहनता

हो । यो तोकिएको शीर्षकको भाषिक संरचनालाई एक प्रवाहमा फैलाउने, अर्थ्याउने, संक्षिप्त बिस्तार हुने, आफैँमा अर्थपूर्ण मौलिक जग निर्माणको महत्वपूर्ण कार्यकलाप भएकाले यसको आकार विद्यार्थीहरूको अनुभव सङ्गठन गर्ने क्षमतासँग सम्बन्धित हुन्छ । संक्षिप्त प्रस्तुति हुने यस लेखनमा आदि, मध्य र अन्त्यको तारतम्यबाट नै शीर्षकलाई प्रस्ट्याउने कार्य गरिएको हुन्छ । अनुच्छेद लेखनलाई निम्नानुसार बुँदाबद्ध गर्न सकिन्छ :

- विचारको सरल र सहज तरिकाले प्रकट गर्ने माध्यम,
- सिर्जनात्मक लेखनमा सहयोगी,
- वाक्यभन्दा माथिल्लो एकाइ,
- आदि, मध्य र अन्त्यका तारतम्यता छोटो रूपमा नै प्रकट गर्न सकिने,
- व्याकरणीय कमीकमजोरी निराकरण गर्न सहयोगी,
- लेखाइ सीप विकासमा महत्वपूर्ण भूमिका,
- निरन्तर अभ्यासबाट लेखनकलामा प्रौढता र स्तरीयता,
- साहित्यका विविध विधाहरू सिर्जना गर्न सहयोगी,
- संयमित उडानको कला,
- विविध क्षेत्रबाट विषय शीर्षक छनोट गर्न सकिने ।

यसर्थ अनुच्छेद लेखन भनेको काल्पनिक वा सत्य तथ्य तार्किक किसिमका भावनात्मक, आत्मपरक, वस्तुपरक, आख्यानात्मक, विश्लेषणात्मक तथा आलङ्कारिक जस्ता विविध विषय शीर्षक छनोट गरी त्यसअनुसार छिटो, छरितो, स्तरीय, खँदिलो र सङ्गठित तरिकाले गरिएको सरल गठबन्धन तथा गद्य बन्धनमा बाँधिने लेखन कार्य नै अनुच्छेद लेखन हो ।

### २.२.२ अनुच्छेद लेखनको प्रयोजन

भाषिक सीपहरू सुनाइ, बोलाइ, पढाइ र लेखाइमध्ये लेखाइ सीप सबैभन्दा स्तरीय, उत्कृष्ट, स्थायी सीपका रूपमा सर्वस्वीकार्य मानिन्छ । लेखाइ सीप विकासको आधार अनुच्छेद लेखन हो । यसले सबै प्रकारका आख्यानात्मक, निबन्धात्मक आदि लेखनगत प्रस्तुतिलाई मूल रूपमा सहयोग पुऱ्याउँछ । लेखन सीप विकासका विभिन्न कार्यकलापमध्ये अनुच्छेद लेखन एक महत्वपूर्ण कार्यकलाप हो । लेखन सीपसँग सम्बन्धित कार्यकलापहरू चिठी, प्रतिवेदन, निबेदन, कथा, निबन्ध आदि लेखनको महत्वपूर्ण आधार नै अनुच्छेद लेखन हो । लेखाइ भनेको अभिव्यक्तिको प्रौढ र परिपक्व रूप भएकाले यो अन्तरआत्मामा अन्तर्निहित कुराहरूलाई व्यक्त गर्दै विविध घटना तथा पक्षलाई लिपिवद्ध गर्ने र भविष्यका लागि पनि उपयोगी र चिरस्थायी बनाइ राख्ने माध्यम पनि हो र यसले कुनै पनि विषयमा स्वतन्त्र तरिकाले चिन्तन, मनन गर्ने, लेखाइमा शुद्धता र स्तरीयता ल्याउने कार्यमा सहयोग पुऱ्याउँछ । साथै यसले व्याकरणात्मक र वर्णवन्यासीय त्रुटिहरूको निराकरण गर्न र विद्यार्थीहरूमा मौलिक र सिर्जनात्मक क्षमताको विकासमा सहयोग गर्दछ । यसले कुनै पनि विषयमा सन्दर्भ नछुटाइकन श्रृङ्खलावद्ध रूपमा छोटा तर पूर्ण अभिव्यक्ति दिने क्षमताको विकास गर्दछ ।

अनुच्छेद लेखनका मुख्य प्रयोजनलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

क) अनुच्छेद लेखन अभ्यासका माध्यमबाट स्तरीय तरिकाले विविध किसिमका विषय शीर्षकका सन्दर्भमा स्वतन्त्र रूपले चिन्तन मनन गर्ने क्षमताको विकास गराउनु,

ख) अनुच्छेद लेखनबाट लेखाइमा शुद्धता, स्पष्टता र स्तरीयता ल्याउन सहयोग गर्नु,

ग) विद्यार्थीहरूमा मौलिक तथा सिर्जनात्मक क्षमताको विकासमा सहयोग गर्नु,

घ) व्याकरणात्मक र वर्णविन्यासगत त्रुटिहरूको निराकरणमा सहयोग पुऱ्याउनु,

ङ) अनुच्छेद लेखनका माध्यमबाट साहित्यका विविध विधाहरूको लेखनमा उपयोगी आधार प्रदान गर्नु,

च) अनुच्छेद लेखनबाट कुनै पनि विषय शीर्षकका बारेमा सन्दर्भ नछुटाइकन श्रृङ्खलाबद्ध रूपमा छोटा तर पूर्ण अभिव्यक्ति दिने क्षमताको विकास गर्नु,

यसर्थ अनुच्छेद लेखन लेखनकलाको एक सशक्त माध्यम हो । यसको माध्यमबाट विद्यार्थीमा मौलिक र स्वतन्त्र चिन्तनका स्तरीय लेखाइ सीप विकासमा दरिलो खम्बाको रूपमा काम गर्दछ । यसले विविध स्तरीय अभिव्यक्तिका साथ साथै शिल्पको समेत विकास गर्नमा सहयोग गर्दछ । ( बराल: २०६६: पृ. १३) ।

### २.२.३ अनुच्छेद लेखनको ढाँचा

हरेक लेखन एवम् क्षेत्रमा सिर्जना गर्ने आ-आफ्नै ढाँचा र संरचना हुन्छन् त्यस्तै अनुच्छेद लेखनको पनि केही ढाँचा एवम् संरचनागत आधारहरू छन् जसका आधारमा हामी कुनै शीर्षकलाई लम्ब्याउने गर्दछौं । कुनै विषय वा शीर्षकका बारेमा लेखन गर्दा सो अनुच्छेदमा निम्नलिखित तीन अङ्गहरू हुनु आवश्यक मानिन्छ :

क) आदि भाग (शीर्षक वाक्य)

यो अनुच्छेद लेखनको प्रारम्भ भाग हो यसलाई शीर्ष वाक्य भनिन्छ । शीर्ष वाक्यमा विषयसँग सम्बद्ध मूल बुँदा हुन्छ । (शर्मा: २०५८: पृ. ११५) । यसमा शीर्षकको मूल भाव वा विचारलाई छोटो, मीठो र प्रभावोत्पादक ढङ्गमा प्रस्तुत गर्नु पर्दछ । शीर्ष वाक्यलाई अनुच्छेदको भूमिका वा विषय प्रवेश पनि भनिन्छ ।

ख) मध्य भाग (मुख्य भाग)

शीर्ष वाक्यपछिका तीन चार वाक्यहरू अनुच्छेदको मध्य भाग हुन्छ । शीर्ष वाक्यको मूलबुँदालाई सन्तुलित विस्तार दिने यस भागलाई मुख्य भाग भनिन्छ । (शर्मा: २०५८: पृ. ११५) । यसमा शीर्षकका मुख्य एवम् गौण कुराहरूको सङ्क्षिप्त तर पूर्ण हुनेगरी विस्तार गरिन्छ ।

ग) उपसंहार वाक्य (अन्त्य भाग)

अनुच्छेदको अन्तिम एक वाक्य अन्त्य भाग हुन्छ जसलाई उपसंहार वाक्य भनिन्छ । अनुच्छेदको अन्तिम वाक्य प्रभावोत्पादक ढङ्गबाट निष्कर्ष वा सारांश राखिन्छ । (सम्प्रेषण: अङ्क ६: २०६६) ।

### २.२.४ अनुच्छेद लेखनका प्रकार :

जुनसुकै वस्तु, विषय, स्थान तथा चिजबिजहरूको आ-आफ्नै प्रकारहरू हुन्छन् । त्यस्तै भाषिक सीपका पनि विविध प्रकारहरू छन् र अनुच्छेदका पनि विभिन्न प्रकारहरू रहेका छन् । भाषाविद् तथा लेखक प्रा.डा.कृष्णहरि बराल र नेत्र एटमले लेखनको शैलीलाई आधार बनाएर अनुच्छेद लेखनका प्रकारको चर्चा गरेको पाइन्छ जसमा उनले अनुच्छेदलाई आठ प्रकारमा चर्चा गरेका छन् जुन यसप्रकार छन् :

क) आत्मपरक अनुच्छेद

ख) वस्तुपरक अनुच्छेद

ग) आख्यानात्मक अनुच्छेद

घ) तार्किक अनुच्छेद

ङ) भावनात्मक अनुच्छेद

च) विश्लेषणात्मक अनुच्छेद

छ) आलङ्कारिक अनुच्छेद

ज) व्यङ्ग्यात्मक अनुच्छेद

तर मोहनराज शर्माले "शब्दरचना र वर्णविन्यास वाक्यतत्व, अभिव्यक्ति र साहित्य" प्रविणता प्रमाणपत्र तह पुस्तकमा व्यङ्ग्यात्मक अनुच्छेदलाई हटाएर सातओटा प्रकारको उल्लेख गरेका छन् । यसैगरी रामप्रसाद ज्ञावाली र रमेशप्रसाद भट्टराईले पनि "साधारण नेपाली" स्नातक तह भन्ने पुस्तकमा अनुच्छेदका प्रकार भनेर सातवटै प्रकारलाई उल्लेख गरेका छन् । लेखनगत शैलीका आधारमा अनुच्छेदका प्रकारलाई निम्नानुसार संक्षिप्त रूपमा चर्चा गर्ने जमर्को गरिएको छ :

क) आत्मपरक अनुच्छेद

निश्चित विषय वा शीर्षकमा आफ्ना विचार एवम् भावनालाई म, हामी, आफू आदि सर्वनामका माध्यमबाट लेखकीय व्यक्तित्वले भरिएको आत्मनिष्ट अनुच्छेदलाई आत्मपरक अनुच्छेद भनिन्छ ।

ख) वस्तुपरक अनुच्छेद

कुनै वस्तु, विषय वा शीर्षकलाई नै केन्द्र बनाई त्यससँग सम्बन्धित वास्तविक सत्यतथ्य वर्णन गरी लेखिने अनुच्छेदलाई वस्तुपरक अनुच्छेद भनिन्छ । वस्तुपरक अनुच्छेदमा कुनै पनि ज्ञान वा सूचना सञ्चार गर्ने उद्देश्य राखेर सिलसिलाबद्ध ढङ्गले विषय शीर्षकहरूको वर्णन गरिन्छ । यसमा भाव र विचारलाई त्यति महत्व नदिई बाहिरी जगत्लाई बढी प्रश्रय दिएर लेखिन्छ ।

ग) आख्यानात्मक अनुच्छेद

यो कथात्मक श्रृङ्खलाले भरिएको किस्साले युक्त अनुच्छेद हो । यसमा घटना र चरित्रलाई क्रमबद्ध ढङ्गले जोडेर कथाका रूपमा अनुच्छेद प्रस्तुत गरिन्छ । कुनै विषय शीर्षकमा दिइएका घटना

क्रममा बुँदाहरू जोडी घटनाको सिलसिला मिलाएर लेखिएको आख्यानले भरिएको अभिव्यक्तिलाई आख्यानात्मक अनुच्छेद भनिन्छ ।

घ) तार्किक अनुच्छेद

तर्कलाई पुष्टि गरी रचिएको अनुच्छेदलाई तार्किक अनुच्छेद भनिन्छ । (ज्ञवाली र भट्टराईः २०६०: पृ. १२८) । कुनै विषय शीर्षकको कुनै एक पक्षमा पाठकलाई सहमत असहमत तुल्याउन तर्कहरू प्रस्तुत गरिएको लेखनलाई तार्किक अनुच्छेद भनिन्छ । जसअन्तर्गत लेखाइमा लामा-लामा वाक्यहरूको साथ प्रचुर विशेषण र बौद्धिकताले भरिएको अलि कठिन भइकन गहकिलो तथा विचारात्मक ओज गुणले युक्त शैली प्रस्तुत गरिन्छ । यसमा कुनै विषयसँग सम्बन्धित तर्कलाई प्रमाणित गरी एक अनुच्छेद लेखिन्छ ।

ङ) भावपरक अनुच्छेद

भावलाई केन्द्र बनाएर काल्पनिक रूपमा लेखएको अनुच्छेदलाई भावपरक अनुच्छेद भनिन्छ । यस्तो अनुच्छेदलाई भावमय वा भावात्मक अनुच्छेद पनि भनिन्छ । यस्तो अनुच्छेदमा कुनै विषय शीर्षकमा निहित अनुभवलाई आफ्ना भावनामा रङ्ग्याएर लेख प्रस्तुत गरिन्छ ।

च) आलङ्कारिक अनुच्छेद

अलङ्कारको प्रयोग गरेर साहित्यिकता झल्कने ढङ्गमा लेखिएको अनुच्छेदलाई आलङ्कारिक अनुच्छेद भनिन्छ । आलङ्कारिक अनुच्छेदमा कुनै विषय शीर्षकको वर्णनमा अनुप्रास, उपमा-दृष्टान्त, रूपक आदि अलङ्कारहरू तथा बिम्ब र प्रतिक आदिको समेत प्रयोग गरी चमत्कारपूर्ण ढङ्गले अभिव्यक्तिलाई प्रस्तुत गरिएको हुन्छ ।

छ) व्यङ्ग्यात्मक अनुच्छेद

कुनै विषयवस्तु, प्रवृत्ति, शीर्षकप्रति व्यङ्ग्य गरी लेखिएको अनुच्छेद व्यङ्ग्यात्मक अनुच्छेद हो । ( बराल र एटमः २०६४: पृ. १६३) ।

यसरी विविध शैली र अभिव्यक्तिका आधारमा विभिन्न अनुच्छेद लेखिन्छ । अनुच्छेद लेखनमा कुनै विषय शीर्षक बारे अनेक सु-सम्बद्ध वाक्यको रचना गरिन्छ । यो मौलिक र स्वतन्त्र लेखन भएकाले विषय शीर्षकबारे आफ्नो सोच र शैलीमा एक अनुच्छेद नबढाई स्वतन्त्र ढङ्गले विस्तार

गरिन्छ । यसले लेखन कलाको विकासमा विद्यालयको तल्लो तहदेखि उच्च शिक्षासम्म भाषाको निखारता, प्रौढता तथा मानकता प्रदान गर्न प्रभावकारी भूमिका निर्वाह गर्दछ ।

### २.२.५ अनुच्छेद लेख्ने तरिका

अनुच्छेद लेखन कार्य अघि देहायअनुसारको क्रममा योजना गर्नु उपयुक्त हुन्छ :

क) प्रस्तुत शीर्षकसँग सम्बन्धित विषयवस्तुलाई राम्रोसँग ठम्याउने र सम्बन्धित बुँदाहरू सम्झने वा लेख्ने,

ख) सङ्कलन गरिएका बुँदाहरूलाई आदि, मध्य र अन्त्य कहाँ राख्ने हो निश्चित गर्ने,

ग) सबैभन्दा माथि शीर्षक राखेर केवल एक अनुच्छेद मात्र लेख्ने,

घ) अनुच्छेद लेखनका क्रममा निर्देशित शैलीलाई अपनाउने,

ङ) लेखनलाई क्रमवद्ध र पूर्ण बनाउने । (बराल र एटमः २०६४: पृ. १६३) ।

### २.२.६ अनुच्छेद लेखनको विधि र प्रक्रिया

अनुच्छेद लेखन कार्यमा विभिन्न किसिमका तरिका वा विधिहरू अपनाउन सकिन्छ । अनुच्छेद लेख्दा कुन विधि अपनाएर कसरी लेख्ने भन्ने कुराको जानकारी भएमात्र सही र सफल रूपमा अनुच्छेद लेख्न सकिन्छ । अनुच्छेद लेखनका लागि निम्नलिखित विधि र प्रक्रिया अवलम्बन गर्न सकिन्छ :

क) शीर्षकबारे राम्रो चिन्तन मनन गर्ने र आवश्यक बुँदा सम्झने र चयन गर्ने,

ख) छनोट गरिएका बुँदाहरू टिपोट गरी शीर्षकसँग दाँजेर हेर्ने,

ग) ती बुँदाको वितरण आदि, मध्य र अन्त्य भागमा गर्ने,

घ) सङ्गठित बुँदाहरू आत्मपरक, वस्तुपरक आदि जुन प्रकारमा लेख्नु छ त्यस प्रकारमा बुँदापिच्छे एक-एक वाक्य लेखी खेस्रा तयार गर्ने,

ङ) खेस्राको संशोधन र परिमार्जन गरी क्रमबद्धता पनि मिलाउने,

च) शुद्ध, स्पष्ट र प्रभावकारी भाषाको प्रयोग गरी परिष्कार गर्ने र अन्तिम रूपको साफी गर्ने ।

माथिको विधि र प्रक्रियाको प्रयोग गर्दा स्पष्ट र प्रभावकारी अनुच्छेद लेखन हुन्छ । (शर्मा: २०५८: पृ. ११५) ।

**२.२.७ अनुच्छेद लेख्दा ध्यान दिनुपर्ने कुराहरू :**

क) शीर्षकको बारेमा मनन गरी शीर्षकसम्बन्धी विभिन्न बुँदा चयन गर्नुपर्दछ,

ख) शीर्षक चयन गरी बुँदा तयार पारेपछि सम्बन्धित बुँदाहरूलाई आदि, मध्य र अन्त्य कुन भागमा राख्ने हो निश्चित गर्ने,

ग) विषय प्रस्तुतीकरणका लागि उपयुक्त शैली चयन गर्नुपर्छ,

घ) चयन गरिएको विषयवस्तुलाई निर्धारित गरिएको शैलीअनुरूप विस्तार गर्नुपर्दछ,

ङ) परिष्कार र परिमार्जन गरी साफी लेखन गरेर उपयुक्त शीर्षक राख्नु पर्दछ,

च) अनुच्छेदको पहिलो वाक्य लेख्दा एक शब्द अट्ने ठाउँ (पाँच स्पेश) राखेर सुरु गर्नुपर्दछ र वर्णन जहाँ सकिन्छ त्यहीँ अन्त्य गरिनु पर्दछ । (ज्ञवाली र भट्टराई: २०६०: पृ. १२८) ।

गद्य साहित्यका विविध विधा सिर्जनागर्ने प्रारम्भिक जग निर्माणको रूपमा अनुच्छेद लेखन अति नै उपयोगी हुन्छ । यसरी विचारलाई सरल र सहज तरिकाले लेखेर प्रकट गरिने माध्यम अनुच्छेद लेखन भएकाले निरन्तर अभ्यासबाट यसको लेखन कलामा स्तरीयता तथा तीक्ष्णता ल्याउन सकिन्छ । अनुच्छेद लेखनलाई आदि, मध्य र अन्त्यको तारतम्यमा तीन चार वाक्यदेखि पन्ध्र बीस वाक्यसम्म अर्थात् १५० शब्दसम्मको विस्तारमा छोटो रूपमै रचना गर्न सकिन्छ ।

**२.२.७.१ भाषिक सीप र अनुच्छेद लेखन शिक्षणको आवश्यकता एवम् महफ्व**

भाषाका चारवटा सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइ पर्दछन् । यी चारवटा भाषिक सीप एक अर्कासँग अन्तर्सम्बन्धित हुन्छन् । यी सीपमध्ये सुनाइ र पढाइ आदानात्मक र बोलाइ र लेखाइ प्रदानात्मक सीपसँग सम्बन्धित हुन्छन् । यी जुनसुकै सीपसँग सम्बन्धित भए तापनि चाहे त्यो आदानात्मक होस् वा प्रदानात्मक दुबै सीपमा अनुच्छेद लेखनले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

भाषिक सीपका चारवटा सीपमध्ये मुख्यतया यसका अतिरिक्त भाषामा शुद्धता स्तरीयता, मौलिकता तथा सिर्जनात्मकतामा पनि अनुच्छेद लेखनको भूमिका उल्लेखनीय हुन्छ । तसर्थ भाषिक सीप विकासका लागि अनुच्छेद लेखनले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ ।

**२.२.७.२ साहित्यिक एवम् साहित्येत्तर लेख रचनामा अनुच्छेद लेखनको भूमिका**

अनुच्छेद साहित्यिक एवम् साहित्येत्तर लेख रचनाको आधार स्तम्भ हो । कुनै पनि विषय शीर्षकमा अनुच्छेद लेख्न नसक्नेले साहित्यिक एवम् साहित्येत्तर लेख रचनाको सिर्जनामा कलम चलाउन सक्दैन । साहित्यको गद्य विधाका लागि पूर्वाधार तयार गर्ने र ती विधाहरूको सिर्जनाका

लागि प्रेरणा दिने प्रस्थान विन्दु नै अनुच्छेद लेखन हो । जसरी घर बनाउँदा घरको जग बलियो भएन भने घर पनि बलियो हुँदैन र अडिन सक्दैन त्यसैगरी अनुच्छेद लेख्न नै नजान्ने व्यक्तिले पनि साहित्य एवम् साहित्येत्तर लेख रचनाको सिर्जना गर्न सक्दैन । घरको परिचय आँगनले दिन्छ भने झैं विभिन्न साहित्यिक विधा एवम् साहित्येत्तर लेख रचना सिर्जनामा व्यक्ति पनि कुशल एवम् सक्षम छ भन्ने कुराको सङ्केत पनि उसको अनुच्छेद लेखन शैलीले प्रस्तुत गर्दछ ।

"हजार माइलको यात्रा एक पाइलाबाट सुरु हुन्छ ।" भने झैं ठूला लेख रचना एवम् गद्य साहित्यका लागि परिपक्व हुन अनुच्छेद लेखन आवश्यक हुन्छ । (बराल: २०६६: पृ. २८) ।

तसर्थ अनुच्छेद लेखनले साहित्यिक एवम् साहत्येत्तर लेख रचनाका विविध विधा (कथा, निबन्ध, प्रबन्ध, चिठी, विवेचनात्मक उत्तर आदि)मा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

### २.२.७.३ लेखाइ सीपको विकासमा अनुच्छेद लेखनको भूमिका :

भाषिक सीप विकासका सन्दर्भमा सुनाइ, बोलाइ, पढाइ र लेखाइमध्ये लेखाइ सीप उल्लेख्य सीपका रूपमा सर्वस्वीकार्य छ । त्यसमा पनि लेखाइ सीपको विकासमा अनुच्छेद लेखनले महत्वपूर्ण भूमिका खेल्ने कुरामा फरक पर्न सक्दैन । लेखाइ अभिव्यक्तिको प्रौढ र परिपक्व रूप भएकोले यो आत्मामा रहेका मनका कुरा व्यक्त गर्दै उल्लेख्य घटना तथा अन्य पक्षलाई लिपिवद्ध गर्ने माध्यम हो र यसका लागि पनि अनुच्छेद लेखनले मलजल थप्ने कार्य गर्दछ । लेखाइ सीपको आफ्नै प्रकारको विशिष्ट महत्व रहेकाले लेखेर नै जिविका चलाउने कलमजिवीहरूका लागि समेत अनुच्छेद लेखन अत्यावश्यक तथा आधारभूत पक्ष बन्दछ । यसै क्रममा लेख्य भाषाको प्रस्तुतीकरण औपचारिक, स्तरीय एवम् शुद्ध लेखाइ सीपको सन्दर्भमा यस लेखनले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहायता पुर्‍याइरहेको हुन्छ ।

अनुच्छेद लेखनमा विभिन्न विषयवस्तुहरूलाई विषय शीर्षक बनाएर उल्लेख गर्न सकिन्छ । कुनै पनि सन्दर्भमा वस्तु तथा चित्र वर्णन, अनुभव, घटना तथा यात्रा वर्णन, मनोवाद लेखन, वादविवाद, प्रश्नोत्तर, चिठी वा निवेदन, दैनिकी, भाव विस्तार, व्याख्या, स्पष्टीकरण, सारांश - प्रतिवेदन लेखन लगायत कथा, निबन्ध, विभिन्न स्वतन्त्र र निर्देशित लेखन जस्ता विविध पक्षहरूको लेखन सीप विकासमा समेत अनुच्छेद लेखनले सकारात्मक र सहयोगी भूमिका निर्वाह गर्न सक्छ । अनि लेखाइमा वर्णविन्यास र विराम चिन्ह प्रयोगको सुझपूर्ण प्रयोग पनि अनुच्छेद सहयोगी रूपमा नै रहन्छ । लेखन भनेको यान्त्रिक र आभ्यासिक मात्र नभएर यसको पूर्णता सिर्जनात्मकतासँग पनि

गाँसिएको हुन्छ । यसमा प्रभावमयता, आकर्षक शैली तथा शिल्पगत विशिष्टता जस्ता सबल सीपलाई यस लेखनले सहायता पुऱ्याउँदै लेखाइ सीपमा प्रौढता प्रदान गर्दछ ।

उक्त लेखनले रचनाअनुकूल प्रस्तुतीकरणको ढङ्ग, ढाँचा, विचारको सिलसिलेवरता वाक्य गठन, शीर्षक, उपशीर्षक चयनअनुरूप लेखन आदिका साथै भाषिक शुद्धताका पक्षमा समेत सहयोग पुग्दछ । यो लेखन साहित्यिक एवम् साहित्येत्तर रचनाको पूर्वाभ्याससमेत भएकाले यसबाट लेखाइ सीपको विकासमा कुनै पनि तहका शिक्षार्थीको लेखाइ अभिव्यक्तिको स्तर वृद्धि गर्नसमेत मद्दत मिल्दछ । त्यतिमात्र होइन व्याकरणात्मक र वर्णविन्यासीय त्रुटि निराकरणको अन्त्यको साथै माध्यमिक तह कक्षा नौ वा सोभन्दा मुनि र माथिका तहका शिक्षाहरूसमेतलाई विचारको सङ्क्षिप्त एवम् सघन अभिव्यक्ति प्रस्तुत गर्न यसले उर्जा प्रदान गर्दछ ।

यस लेखनका क्रममा भाषालाई शुद्ध र स्पष्टसँग प्रस्तुत गर्ने, लेखाइको गति बढाउने, उचित शब्द तथा वाक्यहरूको गठन र छनोट गरी प्रयोग गर्ने, एउटा कुरालाई विभिन्न तौर-तरिकाले लेख्ने, कुनै विषयवस्तु पढिसकेपछि आफ्नै शैलीमा लेख्ने, विभिन्न साहित्यिक प्रबन्धात्मक एवम् वाङ्मयका विषयहरूको अध्ययन गरी मौलिकतापूर्वक लेख्ने तथा ती विषयवस्तुको विषयमा वर्णन विश्लेषण गर्दै लेख्ने सीपगत पक्षहरूमा यसले महत्वपूर्ण भूमिका निर्वाह गरिरहन्छ । (बरालः २०६४: पृ. २४-२६) ।

## २.३ माध्यमिक तहमा लेखाइ शिक्षणको आवश्यकता र महफ्व

भाषाका चार सीपमध्ये लेखाइ एक महत्वपूर्ण सीप हो । सुनेका, बोलका र पढेका कुरालाई सिलसिला मिलाएर प्रस्तुत गरिने काम लेखाइबाट हुन्छ । सुनाइ, बोलाइ र पढाइको अपेक्षा तल्ला तहमा लेखाइको कम प्रयोग गरिने भए पनि यसको अपरिहार्यता अस्वीकार गर्न चाहिँ मिल्दैन । लेखाइको प्रयोग केवल विद्यालय र महाविद्यालयमा मात्र नभएर घरायसी कामकाजका हरेक आवश्यकता परिपूर्तिका लागि गरिने भएकाले पनि लेखाइ शिक्षणको आवश्यकता दैनिक व्यवहारिक कार्यमा चिठी, लेनदेन, टिपोट जागिर तथा व्यापारिक कार्यमा समेत रहेको हुन्छ ।

लेखाइको महत्व त्यतिबेला हुन्छ जतिबेला वक्ताले बोलेको कुरा श्रोताले सामुन्ने बसेर सुन्न सक्दैन त्यस समयमा वक्ताका अभिव्यक्तिलाई लेखाइका माध्यमबाट लिपिबद्ध गरी सुरक्षित राख्नुपर्ने हुन्छ । त्यस्तै कुनै वक्ताले बोलेका कुरा सर्वसाधारणका लागि सम्बोध्य गराउन तथा सम्बोध्य व्यक्ति भएमा लेखाइको आवश्यकता टड्कारो रूपमा देखा पर्दछ ।

प्राथमिक तहका लागि लेखाइ केवल आभ्यासिक कार्यकलाप मात्र हुनसक्छ भने निम्माध्यमिक तहमा यसले भाषिक अनुभवलाई समेटेर व्यक्त गर्ने कार्य गर्दछ । प्राथमिक र निम्नमाध्यमिक तह पार गरिसकेका विद्यार्थीहरूबाट माध्यमिक तह उच्च शिक्षाका लागि पूर्व अभ्यासिक कार्य गर्ने हुँदा यस तहमा लेखाइ शिक्षणको आवश्यकता परेको हो । त्यसबाहेक विद्यार्थीलाई विभिन्न कार्यकलापमा सरिक गराएर लेखाइ सीपको विकास गराउन सकिन्छ । सिर्जनात्मक लेखन अभ्यासका लागि र सामान्य व्यवहारिक तथा व्यक्तिगत कार्य सम्पादन गर्नका लागि लेखाइको आवश्यकता पर्ने हुनाले औपचारिक शिक्षणले मात्र सम्भव नहुने भएकाले शिक्षार्थीलाई दक्ष बनाउन लेखाइ शिक्षणको आवश्यकता पर्दछ । (लामिछानेः २०५७ः पृ. १०५) ।

रचनात्मक क्षमता विकास गर्न गराउन लेखनमा गति, क्रमबद्धता र स्पष्टता ल्याउन पनि लेखाइ सीप नै सहयोगी बनेको हुन्छ । विभिन्न विषयका अभिव्यक्तिहरूलाई प्रसङ्गअनुकूल भाषिक शैलीको छनोट गर्ने क्षमता विकास गर्नुका साथै हिज्जे, विराम चिन्ह, अनुच्छेद क्रमबद्धता जस्ता यावत कुराहरू मिलाउन पनि लेखाइ सीप उपयोगी हुन्छ । त्यति मात्र होइन श्रृङ्खलाबद्ध ढङ्गमा लेख्न र व्याकरणसम्मत भाषाको प्रयोग गर्ने कुशलता बढाउन पनि लेखाइ सीपको आवश्यकता हुन्छ । (ढकालः २०६२ः पृ. २४३) ।

माध्यमिक तहमा लेखाइ शिक्षणको आवश्यकतालाई निम्न लिखित बुँदामा समेट्न सकिन्छ :

क) विद्यार्थीहरूमा आफ्ना भावनाहरू कलात्मक रूपमा अभिव्यक्त गर्ने कला विकास गर्न,

ख) विद्यार्थीहरूको तर्क, कल्पना तथा निरीक्षण शक्तिको समुचित विकास गर्न,

ग) विद्यार्थीहरूका विचारलाई व्यवस्थित रूपमा लेख्ने कला विकास गराउन,

घ) कुनै कुरालाई सङ्क्षेपीकरण गर्ने कला विकास गराउन,

ङ) विद्यार्थीहरूमा सिर्जनात्मक क्षमता विकास गराउन,

च) आफ्ना कुरालाई प्रभावकारी रूपमा प्रस्तुत गर्नका लागि शब्द चयन र प्रस्तुति कला विकास गराउन । ढुङ्गेल र दाहालः २०६७ः पृ. २४७ ।

## २.४ सारांश

वाक्यभन्दा माथिल्लो र परिच्छेदभन्दा तल्लो भाषिक एकाइलाई अनुच्छेद भनिन्छ । अनुच्छेदमा विभिन्न भाव र प्रसङ्गका कुराहरू नजिक रहँदै आउँछन् । एकै भाव र विषयका धेरै वाक्यक्रम नटुटीकन एउटै ठाउँमा आए त्यस्ता वाक्यहरूको समाविष्ट रूप 'अनुच्छेद' हुन्छ । यसको निश्चित आकार नभई विद्यार्थीको अनुभव तथा ज्ञानको भण्डारसँग सम्बन्धित रहने हुनाले जति माथिल्लो कक्षामा गयो उति नै यसको फैलावट हुँदै जान्छ । लेखाइ अभिव्यक्तिको प्रौढ र परिपक्व रूप भएकाले यो आत्मामा रहेको मनका कुरा व्यक्त गर्दै उल्लेख्य घटना तथा अन्य पक्षलाई

लिपिवद्ध गर्ने माध्यम हो र यसका लागि पनि अनुच्छेद लेखनले मलजल थप्ने कार्य गर्दछ । अनुच्छेदको पहिलो वाक्यलाई शीर्षक वाक्य भनिन्छ । शीर्षक वाक्यपछिका तीन चार वाक्यहरूलाई मुख्य भाग भनिन्छ र अनुच्छेदको अन्तिम एक वाक्य अन्त्य भाग हुन्छ । अनुच्छेद आत्मपरक, वस्तुपरक, आख्यानात्मक, तार्किक, भावनात्मक, विश्लेषणात्मक, आलङ्कारिक र व्यङ्ग्यात्मक गरी आठ प्रकारका हुन्छन् । लेखाइ सीपको आफ्नै प्रकारको विशिष्ट महत्व रहेकाले लेखेर नै जीविका चलाउने कलमजिवीहरूका लागि अनुच्छेद लेखन अत्यावश्यक तथा आधारभूत पक्ष बन्दछ । यसै क्रममा लेख्य भाषाका प्रस्तुतीकरणको औपचारिक, स्तरीय एवम् शुद्ध लेखाइ सीपको सन्दर्भमा अनुच्छेद लेखनले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सहायता पुऱ्याइरहेको हुन्छ ।

# परिच्छेद : तिन

# अध्ययन विधि र अनुच्छेद लेखन क्षमताको विश्लेषण

## ३.१ अध्ययन विधि

अध्ययन विधि भन्नाले अध्ययनका क्रममा प्रक्रियासम्मत प्रयोगमा ल्याइने तौरतरिका भन्ने बुझिन्छ । अनुसन्धान एक विशिष्ट, व्यवस्थित, तर्कसङ्गत, योजनावद्ध तरिकाले गरिएको तथ्यहरूको वास्तविक खोजी कार्य भएकाले यसका लागि विविध अध्ययन विधिहरूको अवलम्वन गरिनुपर्दछ । अनुसन्धेय विषयमा विश्वसनीय, वैद्यता र प्रभावकारिता कायम गर्नका लागि अध्ययन विधिले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । प्रस्तुत शोधकार्यका लागि शोधकर्ताबाट विशेषतः क्षेत्रीय सर्वेक्षण विधिको प्रयोग गरिएको छ ।

### ३.१.१ छनौट प्रक्रिया

नमुना छनोटका क्रममा प्रतिनिधि जनसङ्ख्या छनोटका लागि यादृच्छिक नमुना छनोट प्रक्रिया अपनाइएको छ । यसैगरी ८ जना नेपाली विषयका शिक्षक शिक्षिकाहरूलाई समेत जनसङ्ख्याका रूपमा लिई शोधकार्य अघि बढाइएको छ ।

यस कार्यका लागि निम्न लिखित सैद्धान्तिक आधार अपनाइएको छ :

क) नवलपरासी जिल्ला अन्तर्गत गैंडाकोट क्षेत्रका कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूलाई अनुच्छेद लेखन क्षमताको अध्ययन गर्न नमुना छनोट गरिएको छ ।

ख) प्रत्येक विद्यालयबाट १०/१० जना विद्यार्थीहरूको छनोट गर्दा स्थानीयता, लैङ्गिकता, भाषा एवम् विद्यालयको प्रकृतिको आधारमा गरिएको छ ।

घ) पूर्वपरीक्षणका लागि ८ वटा विद्यालयहरू मध्ये गैडाकोट क्षेत्र अन्तर्गत पर्ने जनक उच्च माध्यमिक विद्यालयका १० जना विद्यार्थीहरू छनोट गरी दुईवटा शीर्षकमा ( एउटा आत्मपरक र अर्को वस्तुपरक) अनुच्छेद लेखाई परीक्षण गरिएको छ ।

ङ) पूर्व परीक्षणका लागि छनोट गरिएका शीर्षकहरूमध्ये विद्यार्थीहरूबाट प्राप्त नतिजा बमोजिम जाँच गरेर लेखन क्षमताका आधारमा दुईवटा (आत्मपरक र वस्तुपरक) मात्र छनोट गरी उक्त दुईवटा शीर्षकहरूमा मात्र ८० जना विद्यार्थीहरूलाई अनुच्छेद लेख्न लगाइएको छ ।

च) उत्तरपुस्तिका परीक्षणका लागि उत्तरकुञ्जिका तयार पारिएको छ र यसैअनुसार परीक्षण गरिएको छ ।

छ)  उत्तरपुस्तिका परीक्षणपश्चात् विद्यार्थीबाट प्राप्त तथ्याङ्कलाई विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

यसरी क्षेत्रीय अध्ययन विधिद्वारा नमुना छनोट गरी प्राथमिक तथा द्वितीय स्रोतद्वारा सामग्री एवम् तथ्याङ्क सङ्कलन गरिएको छ । यसैबाट प्राप्त तथ्याङ्कको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

### ३.१.२ सामग्री निर्माण

अध्ययन अनुसन्धानका लागि सामग्री निर्माण गर्दा समसामयिक विषयलाई शीर्षकका रूपमा प्रस्तुत गरिएको छ । अध्ययनलाई शुद्धता, विश्वसनीयता, वैद्यता प्रदान गर्नका लागि प्रस्तुत अध्ययनमा प्राथमिक स्रोत र द्वितीय स्रोतका सामग्री निर्माण गरी अनुसन्धानलाई अगाडि बढाइएको छ ।

#### ३.१.२.१ प्राथमिक स्रोतका सामग्री

यस अध्ययनमा प्राथमिक स्रोतका सामग्री निर्माण गर्ने क्रममा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । यस नवलपरासी जिल्लाअन्तर्गत गैडाकोट क्षेत्रका ४ वटा संस्थागत र ४ वटा सामुदायिक माध्यमिक विद्यालयहरूमा गई प्रत्यक्ष सम्पर्क गरी विद्यार्थीहरूलाई उपयुक्त र समसामयिक विषय शीर्षकमा अनुच्छेद लेखन गराइएको छ । ८० जना विद्यार्थीहरूको उत्तरपुस्तिका सङ्कलन गरिनुका साथै नेपाली भाषा विषय शिक्षकहरूलाई अनुच्छेद लेखनसँग सम्बन्धित प्रश्न गरी लिखित उत्तरसमेत सङ्कलन गरिएको छ ।

#### ३.१.२.२ द्वितीय स्रोतका सामग्री

यस अनुसन्धानलाई सफल र प्रभावकारी तथा विश्वसनीय बनाउनका लागि यसभन्दा अगाडिका वर्षहरूमा अध्ययन गरिएका प्रकाशित र अप्रकाशित शोधपत्र, विभिन्न पाठ्यसामग्री, पाठ्यपुस्तक, पत्रपत्रिका, सन्दर्भ पुस्तकहरूको खोजी गरी विस्तृत अध्ययन गरिएको छ ।

#### ३.१.२.३ तथ्याङ्क सङ्कलन

शोधकार्यका लागि तयार पारिएका सामग्रीको प्रयोग गरी नवलपरासी जिल्ला अन्तर्गत गैंडाकोट क्षेत्रका विभिन्न ४ वटा संस्थागत र ४ वटा सामुदायिक माध्यमिक विद्यालयका कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूलाई समसामयिक र सान्दर्भिक विषय शीर्षकमा पूर्व परीक्षण गरी

सफल परिणाम प्राप्त भएपछि प्रतिनिधि नमुना छनोट गरी सम्बन्धित विषयमा अनुच्छेद लेखन गराइएको छ र गणितीय तथ्याङ्क विधिका माध्यमबाट परीक्षण गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.२ अनुच्छेद लेखन क्षमताको विश्लेषण

"नवलपरासी जिल्ला अन्तर्गत गैंडाकोट क्षेत्रका कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदन लेखन क्षमताको अध्ययन" शीर्षक लेखाइ सीपसँग सम्बन्धित भएकाले तथ्य सङ्कलनबाट सङ्कलित अनुच्छेदको अङ्कन गरेर प्राप्ताङ्कलाई लिङ्गगत, भाषिक पृष्ठभूमि, विद्यालयको प्रकृति र जातीयताका आधामरा वर्गीकरण गरी तालिकावद्ध गरिएको छ ।

#### ३.२.१ सिद्धान्त कथन

"नवलपरासी जिल्ला अन्तर्गत गैंडाकोट क्षेत्रका कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदन लेखन क्षमताको अध्ययन" शीर्षक लेखाइ सीपसँग सम्बन्धित भएकोले तथ्य सङ्कलनबाट सङ्कलित निबन्धको अङ्कन गरेर प्राप्ताङ्कलाई लिङ्गगत, भाषिक पृष्ठभूमि, विद्यालयको प्रकृति र जातीयताका आधारमा वर्गीकरण गरी तालिकावद्ध गरिएको छ । तथ्य विश्लेषणका क्रममा सम्पूर्ण विद्यार्थीहरूको मध्यमान निकालिएको छ र प्रतिनिधि नमुनामा समाविष्ट विद्यार्थीहरूमध्ये मध्यमानभन्दा तल कति प्रतिशत विद्यार्थीहरू छन् र कति प्रतिशत विद्यार्थीहरू मध्यमानभन्दा माथि छन् भनेर गणना गरिएको छ । माथि उल्लेखित विभिन्न समूहको क्षमता मापन गर्न पनि त्यही प्रंक्रिया अँगालिएको छ ।समग्र तथा समूहगत रूपमा मानक विचलन निकाली तथ्य विश्लेषणमा थप सरलता ल्याउने प्रयत्न भएको छ । त्यसरी नै प्राप्ताङ्कका आधारमा उच्चतम स्थान, मध्यम स्थान तथा न्यूनतम स्थानमा पर्ने विद्यार्थीहरूको वास्तविक सङ्ख्या पत्ता लगाउन प्रतिशताङ्क श्रेणी निर्धारण गरी गणना गरिएको छ । यसका साथै समग्र मध्यमानकै आधारमा विभिन्न चलहरूका बीच अनुच्छेद लेखन क्षमताको पहिचान भएको छ । संस्थागत, लिङ्गगत, जातीयता तथा भाषिक पृष्ठभूमिका आधारमा अनुच्छेद लेखन क्षमताको परीक्षण गर्न टि.मानको प्रयोग गरिएको छ । प्रस्तुत अध्ययनका क्रममा उपयोगमा ल्याइएको साङ्ख्यिकीय सूत्रहरू निम्नलिखित रहेका छन् :

##### ३.२.१.१ प्रतिशत (Percentile)

प्रतिशत भन्नाले हरेक सयमा यति भन्ने बुझिन्छ । यसको गणना गर्दा उपयोगमा आएको सूत्र यसप्रकार छ :

$$P = \frac{R}{T} \times 100$$

यहाँ P ले प्रतिशत, T ले कूल विद्यार्थी सङ्ख्या र R ले तोकिएका श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल विद्यार्थी सङ्ख्यालाई सङ्केत गरेको छ ।

### ३.२.१.२ मध्यमान (Mean)

मध्यमानले बीचको अङ्कलाई जनाउँछ । समूहमा सबैको प्राप्ताङ्क जोडिन्छ र सहभागी सङ्ख्याले भाग गरी मध्यमान निकालिन्छ । मध्यमान निकाल्न प्रयोग भएको सूत्र :

$$\overline{X} = \frac{\sum X}{N}$$

$\overline{X}$ ले मध्यमान, $\sum X$ ले Xहरूको कूल योग र N ले जम्मा सङ्ख्यालाई सङ्केत गरेको छ ।

### ३.२.१.३ मानक विचलन

मानक विचलन मध्यमानबाट देखिने औसत भिन्नता हो । यसबाट कुनै कक्षाका विद्यार्थीहरू मध्यमानभन्दा कति तल वा कति माथि रहेछन् भन्ने कुरा थाहा हुन्छ । मानक विचलन गणना गर्दा प्रयोगमा आएको सूत्र :

$$\pm = \sqrt{\frac{\sum fx^2}{N}}$$

यहाँ $\pm$ ले मानक विचलन, f ले बारम्बारता x ले तथ्याङ्क, N ले बारम्बारताको योग र $\Sigma$ ले समेसन (योगफल भन्ने अर्थ लाग्छ)लाई सङ्केत गरेको छ ।

मानक विचलनले तथ्याङ्क वितरणको एकरूपताको मात्रा निर्धारण गर्दछ । स्तरीय भिन्नता जति सानो हुन्छ त्यत्ति नै तथ्याङ्कहरूमा एकरूपताको मात्रा अधिक हुन्छ ।

### ३.२.१.४ टि. मान

दुई वा दुईभन्दा बढी मध्यमानहरूको तुलना गर्नको लागि टि. मान प्रयोग गरिन्छ । तथ्याङ्क विश्लेषणमा दुई मध्यमानमा देखिने अन्तर कति छ भनी पत्ता लगाउन यो उपयोगी हुन्छ ।

**टि.मान गणना गर्न प्रयोगमा आउने सूत्र :**

$$\text{टि. मान} = \frac{\overline{x_1} - \overline{x_2}}{\sqrt{\frac{\pm_1^2}{n_1} + \frac{\pm_2^2}{n_2}}}$$

यहाँ

$\bar{x}_1$ ले पहिलो समूहको मध्यमान, $\bar{x}_2$ ले दोस्रो समूहको मध्यमान, $\pm_1$ ले पहिलो समूहको मानक विचलन, $\pm_2$ ले दोस्रो समूहको मानक विचलन, $n_1$ ले पहिलो समूहको जम्मा सङ्ख्या, $n_2$ ले दोस्रो समूहको जम्मा सङ्ख्या सङ्केत गरेको छ ।

तथ्याङ्कशास्त्रीय मान्यताका आधारमा तालिकामा टि. को मान ०.५ सार्थकताको तह लिई सोही आधारमा निष्कर्ष निकालिएको छ । साथै विश्लेषणका क्रममा प्रयोग भएका सबै चरहरूबीच अन्तर छ भन्ने प्राक्कल्पनाका आधारमा तथ्याङ्कको विश्लेषण गरिएको छ ।

अत: यिनै तथ्याङ्कशास्त्रीय पद्धतिका आधारमा नवलपरासी जिल्लाअन्तरगत गैंडाकोट क्षेत्रका कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको स्थिति पहिल्याउने प्रयास यहाँ भएको छ । यस शोधपत्रका लागि नवलपरासी जिल्लाअन्तरगत गैंडाकोट क्षेत्रका संस्थागत र सामुदायिक विद्यालयका कक्षा नौ(९)मा अध्ययनरत ८० जना विद्यार्थीहरूबाट अध्ययनका लागि तथ्य सङ्कलन गरिएको छ । साङ्ख्यकीय आधारमा विश्लेषण गर्ने दृष्टिकोण राखी तथ्यहरूलाई व्यवस्थित गरिएको छ । विश्लेषणका लागि अपनाइएका विभिन्न विधि तथा प्रविधिहरूको विस्तृत विवरणका साथै चरहरूको विश्लेषण स्वरूप तलका शीर्षकहरूमा उल्लेख गरिएको छ ।

**३.२.२ समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको स्थिति :**

समग्र विद्यार्थीहरू भन्नाले यस अध्ययनका लागि नमुना छनोटमा परेका सबै विद्यार्थीहरूलाई बुझ्नु पर्छ । अध्ययनका लागि नमुना छनोटमा परेका भाषा, जाति, लिङ्ग र विद्यालयका सबै ८० जना विद्यार्थीहरू समग्र विद्यार्थीहरू हुन् । यिनै विद्यार्थीहरूद्वारा लेखिएका अनुच्छेदहरूलाई परीक्षण गरी अङ्कन गरिएको छ । यसैका आधारमा तिनीहरूको अनुच्छेद लेखन क्षमताको स्थिति निर्धारण गरिएको छ । जसलाई तलको तालिकामा देखाइएको छ :

**३.२.२.१ समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको प्रतिशताङ्क स्थिति**

**तालिका : १**

| क्र.सं. | विद्यार्थीको नाम | पूर्णाङ्क | प्राप्ताङ्क | प्रतिशताङ्क |
|---|---|---|---|---|
| १ | कञ्चन राना | 10 | 5 | 50 |
| २ | सरिता न्यौपाने | 10 | 5 | 50 |
| ३ | इन्दिरा लामिछाने | 10 | 5 | 50 |

| | | | | |
|---|---|---|---|---|
| ४ | देबकी श्रेष्ठ | 10 | 6 | 60 |
| ५ | रञ्जु घिमिरे | 10 | 6 | 60 |
| ६ | सुशान्त मुखिया | 10 | 5 | 50 |
| ७ | दिपेस खड्का | 10 | 5 | 50 |
| ८ | इन्द्रज्योति पोखेल | 10 | 5 | 50 |
| ९ | पुष्पराज पौडेल | 10 | 5 | 50 |
| १० | देवप्रसाद गन्धर्व | 10 | 6 | 60 |
| ११ | अनु विश्वकर्मा | 10 | 7 | 70 |
| १२ | मीरा राना | 10 | 6 | 60 |
| १३ | सरस्वती सुबेदी | 10 | 5 | 50 |
| १४ | साहना विश्वकर्मा | 10 | 6 | 60 |
| १५ | अश्मिता परियार | 10 | 6 | 60 |
| १६ | केशव अधिकारी | 10 | 6 | 60 |
| १७ | दिपेश पाण्डे | 10 | 6 | 60 |
| १८ | गोबिन्द गिरी | 10 | 7 | 70 |
| १९ | बिबेक दराई | 10 | 5 | 50 |
| २० | जीवन शर्मा | 10 | 7 | 70 |
| २१ | अञ्जु वाग्ले | 10 | 6 | 60 |
| २२ | राधिका कण्डेल | 10 | 6 | 60 |
| २३ | उदीसरा गुरुङ् | 10 | 5 | 50 |
| २४ | रबिना कुमाल | 10 | 6 | 60 |
| २५ | देवकी श्रेष्ठ | 10 | 5 | 50 |
| २६ | दिनेश कण्डेल | 10 | 5 | 50 |
| २७ | मनिष बराल | 10 | 6 | 60 |
| २८ | शुरेन्द्र पौडेल | 10 | 5 | 50 |

| | | | | |
|---|---|---|---|---|
| २९ | इन्द्र मगर | 10 | 6 | 60 |
| ३० | लिला रानामगर | 10 | 5.5 | 55 |
| ३१ | पूजा पोखरेल | 10 | 6 | 60 |
| ३२ | अनिता दराई | 10 | 6 | 60 |
| ३३ | सीमा जि.सी. | 10 | 5 | 50 |
| ३४ | सिर्जना गुरुङ् | 10 | 5 | 50 |
| ३५ | विष्णु घिमिरे | 10 | 7 | 70 |
| ३६ | विनोद कुमाल | 10 | 6 | 60 |
| ३७ | पोषण कार्की | 10 | 6 | 60 |
| ३८ | सन्दीप सिञ्जाली मगर | 10 | 4 | 40 |
| ३९ | मुक्ति कण्डेल | 10 | 6 | 60 |
| ४० | समीर वि.क. | 10 | 6 | 60 |
| ४१ | बिजु अधिकारी | 10 | 6.5 | 65 |
| ४२ | ममता थापा | 10 | 6 | 60 |
| ४३ | नित्या पौडेल | 10 | 7 | 70 |
| ४४ | भावना श्रेष्ठ | 10 | 5 | 50 |
| ४५ | ऋतु पिया | 10 | 5.5 | 55 |
| ४६ | बिमल ढकाल | 10 | 4 | 40 |
| ४७ | सुवास घिमिरे | 10 | 6.5 | 65 |
| ४८ | विशाल थापा | 10 | 7 | 70 |
| ४९ | अनुप थापा | 10 | 6.5 | 65 |
| ५० | अमित श्रेष्ठ | 10 | 6.5 | 65 |
| ५१ | ज्योति सापकोटा | 10 | 6.5 | 65 |
| ५२ | मनिता गोतामे | 10 | 7 | 70 |
| ५३ | स्मृति कण्डेल | 10 | 6.5 | 65 |

| | | | | |
|---|---|---|---|---|
| ५४ | बिनिता सापकोटा | 10 | 7 | 70 |
| ५५ | आकृति ढकाल | 10 | 6.5 | 65 |
| ५६ | अभिषेक कण्डेल | 10 | 7 | 70 |
| ५७ | बसन्त सापकोटा | 10 | 7 | 70 |
| ५८ | विष्णु नेपाली | 10 | 6 | 60 |
| ५९ | सुदीप जि.सी. | 10 | 6 | 60 |
| ६० | ध्रुब सापकोटा | 10 | 6 | 60 |
| ६१ | सन्ध्या गिरी | 10 | 7 | 70 |
| ६२ | ईशा पुन | 10 | 6 | 60 |
| ६३ | कृति भुषाल | 10 | 5 | 50 |
| ६४ | रञ्जना पोखेल | 10 | 7 | 70 |
| ६५ | समिता देबकोटा | 10 | 5 | 50 |
| ६६ | रजत के.सी. | 10 | 6 | 60 |
| ६७ | अमृत पाण्डे | 10 | 6.5 | 65 |
| ६८ | बिकल सापकोटा | 10 | 5 | 50 |
| ६९ | आदित पन्त | 10 | 5 | 50 |
| ७० | विकास राना | 10 | 5 | 50 |
| ७१ | स्वस्तिका शर्मा | 10 | 5 | 50 |
| ७२ | अञ्जली थापा | 10 | 5 | 50 |
| ७३ | अदिति गुरुङ् | 10 | 4 | 40 |
| ७४ | पवित्रा अर्याल | 10 | 5 | 50 |
| ७५ | वर्षा आचार्य | 10 | 6 | 60 |
| ७६ | सचिन अधिकारी | 10 | 6 | 60 |
| ७७ | विवेक आचार्य | 10 | 5 | 50 |
| ७८ | शुशिल आचार्य | 10 | 5 | 50 |

| | | | | |
|---|---|---|---|---|
| ७९ | नयन दाहाल | 10 | 5 | 50 |
| ८० | प्रतीक घिमिरे | 10 | 6 | 60 |

**३.२.२.२ समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको स्थिति प्रतिशताङ्कमा :**

**तालिका : २**

| कूल विद्यार्थी सङ्ख्या | सबै विद्यार्थीहरूको सबै सीप विकासका लागि कूल पूर्णाङ्क | विद्यार्थीहरूले प्राप्त गरेका अङ्कहरूको जोड | प्रतिशताङ्क |
|---|---|---|---|
| 80 | 800 | 462 | 57.75 |

उपर्युक्त तालिकामा समग्र विद्यार्थीहरूको अनुच्छेद लेखनका क्रममा आएका मौलिकता, क्रमबद्धता, विषयवस्तुको संयोजन, प्रस्तुतीकरण, भाषा शैली, वर्णविन्यास, स्तर वा तह आदि समग्र पक्षहरूका आधारमा प्रत्येक विद्यार्थीलाई १० पूर्णाङ्क कायम गरी जम्मा ८० जना विद्यार्थीहरूको ८०० कूल पूर्णाङ्क कायम गरिएको छ ।यसमा विद्यार्थीहरूले कूल ४६२ अङ्क प्राप्त गरेका छन् र यो तथ्याङ्कीय प्राप्ताङ्कका आधारमा समग्र विद्यार्थीहरूको कूल प्रतिशताङ्क ५७.७५ रहेको छ ।

माथिको तथ्याङ्कका आधारमा कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूको समग्र सीप विकासका लागि अनुच्छेद लेखन क्षमता खासै सन्तोषजनक नभई मध्यम खालको पाइएको छ ।

**३.२.२.३ समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको आधारमा मध्यमानको स्थिति :**

**तालिका : ३**

| जम्मा विद्यार्थी सङ्ख्या | जम्मा विद्यार्थीको कूल पूर्णाङ्क | विद्यार्थीले प्राप्त गरेको कूल प्राप्ताङ्कको जोड | मध्यमान |
|---|---|---|---|
| 80 | 800 | 462 | 5.77 |

माथिको तालिकामा तथ्याङ्कीय आधारमा देखाएबमोजिम ८० जना विद्यार्थीहरू प्रतिनिधि नमुना जनसङ्ख्याका रूपमा लिइएको छ । यसलाई मध्यमानको रूपमा हेर्दा मध्यमान ५.७७ हुन आएको छ । ८ वटा विद्यालयका विद्यार्थीहरू मध्ये धेरै विद्यार्थीहरू (४८ जना) मध्यमानभन्दा माथि

देखिएकाले अनुच्छेद लेखनको अवस्था सन्तोषजनक नै मान्न सकिन्छ । तथापि बाँकी विद्यार्थीहरूको लेखन कलामा सुधार गर्नका लागि अभ्यास एवम् लगनशीलताको आवश्यकता रहेको देखिन्छ ।

### ३.२.२.४ मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको स्थिति :

**तालिका : ४**

| कूल सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| 80 | 5.77 | 2.40 | 48 | 70.8 | 32 | 29.2 |

माथिको तालिकाअनुसार मध्यमान ५.७७ र मानक विचलन २.४० रहेको छ । मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि अनुच्छेद लेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४८ जना अर्थात् ७०.८ प्रतिशत र मध्यमानभन्दा तल ३२ जना अर्थात् २९.२ प्रतिशत विद्यार्थीहरू रहेका छन् । मध्यमानभन्दा माथि र तल अनुच्छेद लेखन क्षमता भएका विद्यार्थी सङ्ख्याको अन्तर प्रतिशत ४१.६ रहेको छ । अतः नवलपरासी जिल्ला अन्तर्गत गैंडाकोट क्षेत्रमा कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता मध्यम स्तरको देखापर्दछ ।

मानक विचलनका आधारमा हेर्दा मानक विचलन २.४० रहनाले विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमतामा एकरूपताको कमी छ । यसरी मध्यमानका आधारमा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता मध्यम रहे पनि विचलनका आधारमा कक्षागत एकरूपता पाइँदैन । समग्रमा विद्यार्थीहरूमा अनुच्छेद लेखन क्षमता मध्यम स्तरको छ ।

### ३.२.३ कक्षा नौ(९)मा अनुच्छेद लेखनको आवश्यकता :

भाषा चेतनशील एवम् सर्वश्रेष्ठ प्राणी मानवमात्रको निजी पेवा हो र यो विचार विनिमयको प्रभावशाली माध्यम हो । भाषा र मानिसका बिच नङ र मासुको जस्तै अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । भाषा सामाजिक र मानवीय वस्तु हो । अपरिमार्जित सीपलाई परिमार्जित गराउन अभ्यासको निरन्तरता चाहिन्छ र प्राप्त सीपलाई परिपोषण र परिष्कार गर्न निरन्तर पुनरावृत्ति गर्ने, प्रयोग गर्ने अवसरको आवश्यकता पर्दछ । अभ्यास नभए त्यसले परिष्कृति पाउँदैन तसर्थ भाषालाई पनि जति प्रयोगमा ल्यायो त्यति नै मात्रमा भाषा परिष्कृत र परिमार्जन हुँदै जान्छ । भाषाको परिष्कृत एवम् प्रौढ रूप भनेको लिखित रूपमा हो । त्यसैले पनि कक्षा नौ(९)मा अनुच्छेद लेखन कार्य गराउन

अत्यन्तै आवश्यक

छ ।

माध्यमिक तहको कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूलाई अनुच्छेद लेखनको अभ्यास गराउनु अति आवश्यक छ । यस कार्यले विद्यार्थीहरूको सिर्जनशीलता, मौलिकता, भाषिक शुद्धता, विषयवस्तुको संयोजन गर्ने क्षमता, प्रस्तुतीकरण, वर्ण विन्यसीय त्रुटिको कमी गर्दै स्तरयुक्त लेखाइ सीपको विकास गर्न सहयोग गर्दछ । यो लेखाइ सीप विकासको प्रारम्भिक जग निर्माणको चरण भएकाले विद्यार्थीहरूलाई विभिन्न साहित्यिक एवम् साहित्येत्तर लेख रचनाको सिर्जनाका लागि, सक्षम बनाउनका लागि यसको अभ्यास निरन्तर गराउन आवश्यक हुन्छ ।

कुनै विषयमा सही र सिर्जनात्मक एवम् मौलिक ढङ्गले प्रस्तुत गर्ने शैलीको विकास गर्न, विषयवस्तुको संयोजन गर्ने क्षमताको विकास गर्न, आफ्ना तर्क स्वतःस्फुर्त रूपमा प्रस्तुत गर्न, नवीन विषयलाई समय, परिस्थिति र सन्दर्भ प्रसङ्गअनुरूप प्रस्तुत गर्ने क्षमताको विकासका लागि यो अत्यन्तै आवश्यक र व्यावहारिक छ ।

### ३.२.३.१ विभिन्न विद्यालयका विषय शिक्षकहरूलाई प्रश्नावली दिई सोधिएका अनुच्छेद लेखनसम्बन्धी प्रश्नबाट प्राप्त उत्तरको विश्लेषण :

अनुसन्धान कार्य एकल प्रयासबाट मात्र सम्भव हुन सक्दैन । यसका लागि विभिन्न व्यक्ति तथा संघ सस्थाहरूको पनि सहयोग लिन आवश्यक पर्दछ । त्यसैले यस अनुसन्धान कार्यलाई पनि अघि बढाउनका लागि छनोट गरिएको विद्यालयका विषय शिक्षकहरूसँगसमेत सहयोग लिइएको छ । यस क्रममा उल्लेखित ८ वटा विद्यालयका विषय शिक्षकहरूसँग अनुच्छेद लेखनसम्बन्धी प्रश्नावली दिई उक्त प्रश्नावलीका माध्यमबाट उनीहरूका विचारलाई समग्रमा निष्कर्षकारूपमा प्रस्तुत गरिएको छ ।

विभिन्न शिक्षकहरूसँग अनुच्छेद लेखनसँग सम्बन्धित प्रश्नावली राख्ने सिलसिलामा धेरैजसो विचारहरू समान देखिन्छन् । उनीहरूको यसबारेमा आफूले जाने बुझेका साथै अध्ययन अध्यापनका क्रममा अनुभव गर्दै आएका विभिन्न कुराहरूलाई अभिव्यक्त गरी सोधकार्यमा टेवा पुऱ्याएका छन् । प्रस्तुत छ सम्पूर्ण शिक्षकहरूले अभिव्यक्त गरेका अनुच्छेद लेखनसम्बन्धी सार संक्षेप :

क) अनुच्छेद लेखन कार्यले लेखन सीप विकासमा पुऱ्याएको सहयोग सम्बन्धमा :

अनुच्छेद लेखन कार्य लेखाइ सीप विकासको महत्वपूर्ण आधार हो । यसबाट लेखाइ सीपसँग सम्बन्धित सम्पूर्ण कार्यकलापहरूमा बढी सहयोग मिल्दछ । यसको निरन्तर अभ्यासबाट लेखाइमा

सिर्जनात्मक तथा मौलिक लेखनको विकास हुन्छ । यसैगरी लेखाइमा शुद्धता, स्तरीयता, प्रौढ एवम् मानक रूप प्रदान गर्नुका साथै व्यक्तिमा रहेका अन्तर्निहित क्षमतालाई प्रस्फुटन गर्दै विषयवस्तुको सङ्गठन, आदि, मध्य र अन्त्यको सिलसिला र शुद्ध एवम् परिष्कृत भाषा शैलीको विकास गर्नमा महत्वपूर्ण सहयोग गर्दछ ।

ख) कक्षा नौ(९)मा अनुच्छेद लेखनको सान्दर्भिकता सम्बन्धमा :

अनुच्छेद लेखन लेखाइ सीपको पहिलो आधार स्तम्भ हो । यस लेखनको कार्यकलाप सम्पूर्ण तहमा उत्तिनै महत्वपूर्ण हुन्छ । अझ तल्ला कक्षाहरूबाट नै यसको अभ्यास गराउँदै लैजाँदा माध्यमिक तहसम्म आइपुग्दा अनुच्छेद लेखनमा निपूर्ण हुने र लेखाइ सीपको विकास राम्रोसँग हुने देखिन्छ । यसले गर्दा विद्यार्थीहरू आफ्नो अन्तर्निहित क्षमतालाई लेख्य रूपमा सिलसिलाबद्ध, मौलिक र सिर्जनात्मक ढङ्गले अभिव्यक्त गर्नका साथै निबन्ध, चिठी, कथा आदिजस्ता साहित्यका विविध विधाको लेखनमा सफल हुन सक्छन् ।

यसरी कुनै पनि विषय वा शीर्षक, घटना देखे भोगेका र अनुभव गरेको कुराहरूलाई सही रूपमा विचारहरूको सङ्गठन आदि, मध्य र अन्त्यको प्रस्तुति मिलाएर लेख्ने सीपको विकास गर्नमा अनुच्छेद लेखनले सहयोग पुऱ्याउँदछ । यसका साथै विभिन्न विषय क्षेत्रमा उठेका सवालहरूलाई विश्लेषणात्मक, आत्मपरक, तार्किक, वस्तुपरक, भावपरक र व्यङ्ग्यात्मक ढङ्गले अभिव्यक्त गर्न अनुच्छेद लेखनले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । तसर्थ भाषिक सीप तथा लेखन सीप विकास गर्न निरन्तर रूपमा अनुच्छेद लेखन अभ्यास गराउँदा विद्यार्थीहरूमा मौलिक तथा सिर्जनात्मक, स्वतन्त्र र निर्देशित जस्ता लेखन सीप विकासमा टेवा पुग्ने हुँदा कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूमा अनुच्छेद लेखन कार्य गराउनु अति नै सान्दर्भिक देखिन्छ ।

ग) अनुच्छेद लेखनका सम्बन्धमा छात्र र छात्राबीचको अन्तर बारे :

भाषिक सीपहरू मध्ये लेखाइ सीपले लिखित अभिव्यक्ति पक्षलाई अँगाल्दछ । अनुच्छेद लेखनका क्रममा प्रायःजसो छात्राको तुलनामा छात्रको लेखन क्षमता राम्रो पाइन्छ भने छात्रहरूले बढी अल्छी, शब्द आकृति बिगार्ने र अशुद्ध लेखाइ लेख्ने गरेको पाइन्छ । समग्रमा भन्नु पर्दा छात्र र छात्राको अनुच्छेद लेखनमा मिल्दा जुल्दा पक्षहरू भने बढी नै रहेको पाइन्छ ।

घ) नेपाली मातृभाषी र विमातृभाषी विद्यार्थीका बीचको अनुच्छेद लेखन क्षमताको भिन्नताका सम्बन्धमा :

स्वभाविक रूपमा नेपाली मातृभाषी विद्यार्थीको अनुच्छेद लेखन विमातृभाषी विद्यार्थीको तुलनामा राम्रो देखिन्छ । तर कुनै-कुनै विद्यार्थी विमातृभाषी भए तापनि राम्रो क्षमतावान छन् । क्षमतावान विद्यार्थीका लागि कुनै पनि भाषा तगारो बन्दैन तर यसो भन्दैमा यो सबैमा लागु हुँदैन । नेपाली मातृभाषीहरूले दैनिक व्यवहार र घर परिवार तथा साथी अनि समुदायसँग घुलमिल हुँदा उसले धेरै कुरा सिक्ने अवसर प्राप्त गरेको हुन्छ । जसको प्रभाव अनुच्छेद लेखनमा पनि पर्दछ ।

विमातृभाषी विद्यार्थीहरूको घर परिवारमा एउटा भाषा र विद्यालयमा अर्को भाषा प्रयोग गर्ने भएको कारण उनीहरूमा मातृभाषाको प्रभाव बोलाइ र लेखाइ दुबैमा पर्दछ । तसर्थ अनुच्छेद लेखनमा पनि तुलनात्मक रूपमा नेपाली मातृभाषाको प्रभाव बोलाइ र लेखाइ दुबैमा पर्दछ । तसर्थ अनुच्छेद लेखनमा पनि तुलनात्मक रूपमा नेपाली मातृभाषीका तुलनामा नेपाली विमातृभाषी विद्यार्थीहरु कमजोर देखिन्छन् तर निरन्तरको अभ्यास र साधनाबाट जोसुकैले पनि लेखन क्षमताको विकास गर्न सक्ने देखिन्छ ।

ङ) अनुच्छेद लेखनका क्रममा कक्षा नौका विद्यार्थीहरूले गर्ने त्रुटिका सम्बन्धमा :

समग्रमा भन्नु पर्दा जुनसुकै कुराहरू सिक्ने क्रममा पनि सामान्य त्रुटिहरू हुने गर्दछ । त्यस्तै भाषिक सीपको सिकाइका क्रममा पनि केही न केही त्रुटिहरू भई नै रहन्छन् । यसका लागि आफूले गर्ने गरेका त्रुटिहरूलाई सहजै स्वीकार गरी सुधार गर्ने प्रयत्न गर्नु पर्दछ ।

कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूले अनुच्छेद लेखनका क्रममा विभिन्न किसिमका त्रुटिहरू गर्ने गरेको पाइन्छ । यस्ता त्रुटिहरूमा शब्दहरूको आवृत्ति, शब्द संयोजन, वाक्य गठन र हिज्जेमा त्रुटि गरेको पाइन्छ भने कतिपय बोलचालमा प्रयोग हुने तर लेखनमा प्रयुक्त नहुने जस्तै 'हुन्छ' को सट्टा 'हुन्च', 'होइन' को सट्टा 'हइन' जस्ता शब्दको प्रयोग गरेको पाइन्छ । त्यस्तै एउटा वाक्य प्रसङ्गमा लेख्दा-लेख्दै अर्को प्रसङ्गको सुरुवात गर्ने गरेको पाइन्छ ।

कक्षा नौ(९)का विद्यार्थीहरूले अनुच्छेद लेखनका क्रममा गरेका त्रुटिहरूमा शब्दभण्डार, हिज्जे, भाषा संयोजन, विभक्ति चिन्ह प्रयोग जस्ता त्रुटिहरू गर्ने गर्दछन् ।

च) अनुच्छेद लेखनका क्रममा देखिएका त्रुटिहरूको निराकरणका लागि सुझावका सम्बन्धमा :

कुनै पनि काम गर्ने सिलसिलामा त्रुटि वा गल्ति जो कोहीबाट पनि हुनसक्छ । त्यसैले गल्तिलाई सुधार गर्दै लैजानु उत्तम मानिन्छ । अनुच्छेद लेखनका क्रममा पनि विभिन्न किसिमका त्रुटिहरू हुने गर्दछन् । यस्ता त्रुटिहरू आफै वा शिक्षकले पत्ता लगाई सुधार गर्दै लैजानु पर्दछ । शिक्षकले दिएको सल्लाह-सुझाव तथा पृष्ठपोषणलाई आत्मसात गरी लेखनमा भएका त्रुटिहरूको

निराकरण गर्ने प्रयास गर्नु पर्दछ । जसले गर्दा अनुच्छेद लेखनमा कुशलता प्राप्त गर्न सकिन्छ । यसका लागि विद्यार्थी सचेत बन्दै निरन्तर रूपमा अनुच्छेद लेखनको अभ्यास गर्दै जानुपर्दछ ।

कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूलाई अनुच्छेद लेखनमा सक्षम गराउन विभिन्न किसिमका क्रियाकलापहरूमा सहभागी गराउनु पर्दछ । यस्ता कार्यकलापहरू विद्यालयभित्र तथा बाहिर जहाँका पनि हुन सक्दछन् । त्यस्तै विद्यालयमा समय-समयमा विभिन्न कार्यकलापको आयोजना गरी निबन्ध, कथा, चिठी, बादविवाद, सारांश लेखन जस्ता कार्यकलापको लेखन गराउन सकिन्छ । उनीहरूको लेखन क्षमतामा विकास गर्नका लागि कक्षाकार्य, गृहकार्यका रूपमा पनि दैनिक, साप्ताहिक, मासिक, त्रैमासिक वा अर्धवार्षिक रूपमा अनुच्छेद लेखन गराउन सकिन्छ । यसका अतिरिक्त शैक्षिक भ्रमण, बनभोज, वार्षिक उत्सव वा अन्य विषयवस्तु वा घटनाका बारेमा आफूले देखे-सुनेका वा अनुभव गरेका कुराहरू, चित्र वर्णन, घटना वर्णन लेख्न लगाई विद्यार्थीहरूलाई लेखन कार्यमा अग्रसर गराउनु पर्दछ । यसरी यी र यस्तै विविध कार्यक्रमको आयोजना गरी प्रतियोगितात्मक रूपमा विद्यार्थीहरूलाई सहभागी गराई प्रोत्साहनस्वरूप पुरस्कार प्रदान गर्ने गरेमा विद्यार्थीहरूलाई थप हौसला प्राप्त भई लेखन कार्यमा रुची पैदा हुने गर्दछ । जसले लेखाइ सीप विकासमा निकै सहयोग मिल्दछ ।

छ) कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरू अनुच्छेद लेखनमा कमजोर देखिने कारणहरू :

कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता अध्ययन गर्ने क्रममा उनीहरूको अनुच्छेद लेखन क्षमता मध्यम स्तरको देखिन्छ । विद्यार्थीहरू अनुच्छेद लेखनमा कमजोर देखिनुका कारणहरू निम्नअनुसार छन् :-

- अनुच्छेद लेखनसम्बन्धी विद्यार्थीहरूलाई जानकारी नहुनु,
- शिक्षकले विद्यार्थीहरूलाई अनुच्छेद लेखनमा अभ्यास नगराउनु,
- तालिम प्राप्त शिक्षकको अभाव हुनु,
- पुरानो मानकप्रतिको झुकाव भएका शिक्षकहरूको बाहुल्यता हुनु,
- विषयगत शिक्षकको अभाव,
- विद्यार्थीहरूलाई सिर्जनात्मक एवम् खोजमूलक कार्यमा सहभागी नगराउनु,
- पाठ्यपुस्तकमा छुट्टै अभ्यासको रूपमा र परीक्षामा पनि अनुच्छेद लेखनलाई समावेश नगरिनु,
- विद्यालयले विभिन्न किसिमका प्रतियोगितात्मक लेखन कार्य नगराउनु ।

## ३.३ सारांश

अनुच्छेद लेखन क्षमताको समग्र अध्ययनको क्रममा सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको राम्रो अवस्था रहेको देखियो । चारवटा सामुदयिक र चारवटा संस्थागत विद्यालयहरूमा अनुच्छेद लेखन कार्य गराई गरिएको परीक्षणमा सामुदायिक विद्यालयले ४१.२ प्रतिशत र संस्थागत विद्यालयले ५८.८ प्रतिशत प्राप्त गर्नुले पनि यसको पुष्टि गर्दछ । अनुच्छेद लेखनमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको तुलनात्मक अध्ययन गर्दा नेपाली विमातृभाषी विद्यार्थीको तुलनामा नेपाली मातृभाषी विद्यार्थीको अनुच्छेद लेखन क्षमता राम्रो पाइएको छ । उनीहरूको लेखनगत भाषिक शुद्धता, स्तरीयता, वर्णविन्यासीय त्रुटिहरू कम भेटिए र नेपाली विमातृभाषी विद्यार्थीहरूमा यस किसिमका त्रुटिहरू बढी रहेको पाइयो । नेपाली मातृभाषी विद्यार्थीहरूको तुलनामा नेपाली विमातृभाषी विद्यार्थीहरूको लेखाइमा पारिवारिक आभाष र कथ्य नेपाली बोलीचालीको प्रयोग अत्याधिक पाइएको छ । यसका साथै व्याकरणगत त्रुटि, कर्ता, कर्म, क्रिया, ह्रस्व-दीर्घ, पदयोग-पदवियोग, एवम् आदरार्थी प्रयोग र लिङ्ग, वचन, पुरुष तथा वाक्यात्मक संरचनामा समेत समस्या परेको देखिन्छ । तथ्याङ्कीय आधारमा हेर्दा नेपाली मातृभाषी विद्यार्थीहरूले ५८.४३ र नेपाली विमातृभाषी विद्यार्थीहरूले ४१.५७ प्रतिशत अङ्क प्राप्त गर्नुले पनि उक्त कुराको पुष्टि गर्दछ ।

लैङ्गिकताको आधारमा हेर्दा छात्राहरूको तुलनामा छात्रहरूको अनुच्छेद लेखन क्षमता राम्रो देखियो । ४० जना छात्रा र ४० जना छात्र लिँदा छात्रले ५८.८७ र छात्राले ४१.१३ प्रतिशत अङ्क प्राप्त गर्नुबाट नै उक्त कुरा पुष्टि हुन आउँछ ।

# परिच्छेद चार

# तुलनात्मक विश्लेषण

## ४. व्याख्या, विश्लेषण र प्रस्तुतीकरण

यस शोधकार्यको शीर्षक मुख्य गरेर लेखाइ सीप विकाससँग सम्बन्धित रहेको हुँदा सङ्कलन गरिएका अनुच्छेद लिखित पुस्तिकाहरूलाई अङ्कमा विश्लेषण गर्ने कार्य गरिएको छ । प्राप्त तथ्याङ्कको प्रस्तुतीकरण, व्याख्या, विश्लेषण गर्नका लागि प्रतिनिधि नमुना छनोट गरिएका विद्यार्थीहरूको दक्षता, क्षमता, सीप कौशलता पहिचानका लागि प्राप्ताङ्कलाई टि.मान, स्तम्भ चित्र, प्रतिशत, मध्यमान तथा मध्यविन्दु जस्ता तथ्याङ्कीय विधिहरूको प्रयोग गरी परिणाम देखाइएको छ ।

## ४.१ विभिन्न समूहका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन :

प्रस्तुत अनुसन्धान कार्यमा माध्यमिक तह कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखनसम्बन्धी विविध पक्षहरू, शीर्षकसँग सम्बन्धित ज्ञानको स्तरीयता, मौलिकता, प्रस्तुति अर्थात विषयवस्तुको संयोजन, स्तर अनुरूपता, प्रस्तुतीकरण, भाषिक शुद्धता जस्ता सीप पहिचान गर्ने हेतुले गरिएको छ । यस अध्ययनमा अघिल्लो अध्ययनमा गरिएको व्यख्या विश्लेषणका आधारमा प्राप्त गणितीय तथ्याङ्कलाई तुलनात्मक अध्ययन गरिएको छ । तुलनात्मक अध्ययनका क्रममा सामुदायिक र संस्थागत विद्यालयलगायत छात्र-छात्रा, नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको तुलनात्मक विश्लेषण गर्ने जमर्को गरिएको छ ।

## ४.२ कक्षा नौ(९)मा अध्ययनरत संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताका प्रतिशताङ्क, मध्यमान र टि.मानका आधारमा तुलना :

अध्ययनका क्रममा सामुदायिक विद्यालयका ४० र संस्थागत विद्यालयका ४० जना गरी ८० जना विद्यार्थी छनोट गरिएको छ । जसमा सामुदायिक विद्यालयको मध्यमान ४१.२ र संस्थागत विद्यालयको मध्यमान ५८.८ हुन्छ ।

यो मध्यमान $\bar{x} = \frac{\Sigma X}{N}$ सूत्र प्रयोग गरी निकालिएको छ । जसअनुसार सामुदायिक विद्यालयमा जम्मा

विद्यार्थी सङ्ख्या = ४०

जम्मा पूर्णाङ्क = ४००

जम्मा प्राप्ताङ्क = २२६.५

मध्यमान = ४१.२

संस्थागत विद्यालयमा जम्मा

विद्यार्थी सङ्ख्या = ४०

जम्मा पूर्णाङ्क = ४००


जम्मा प्राप्ताङ्क = २३५.५

मध्यमान = ५८.८

**तालिका : ५**

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | टि.मान |
|---|---|---|---|---|---|---|
| सामुदायिक | 40 | 41.2 | 57.7 | 2.38 | 2.40 | 0.41 |
| संस्थागत | 40 | 58.8 | | 2.42 | | |

**स्तम्भ चित्र : १**




प्रस्तुत तालिकाअनुसार कक्षा 'नौ'मा अध्ययनरत विद्यार्थीहरूमध्ये सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरू बीचको लेखन क्षमता (भाषा संयोजन, प्रस्तुतीकरण, भाषिक शुद्धता र स्तर अनुरूपता) आदिलाई हेरेर तुलनात्मक अध्ययन गरिएको छ। कक्षा नौ(९)मा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका तोकिएका प्रतिनिधि नमुना छनोटमा परेका ४ वटा सामुदायिक र ४ वटा संस्थागत विद्यालयका ४०/४० जना गरी जम्मा ८० जना विद्यार्थीहरूमा अनुच्छेदन लेखन

क्षमताको तुलनात्मक अध्ययन गरिएको
छ ।


उक्त तुलनात्मक अध्ययनमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको अनुच्छेदन लेखन क्षमता संस्थागत विद्यालयका विद्यार्थीको भन्दा कमजोर देखिएको छ । अनुच्छेदन लेखनका क्रममा पूर्णाङ्क १० कायम गरी गरिएको अध्ययनमा सामुदायिक विद्यालयका जम्मा ४० जना विद्यार्थीहरूको कूल प्राप्ताङ्क २२६.५ रहेको छ भने उनीहरूले ४१.२ प्रतिशत अङ्क प्राप्त गर्न सफल भएका छन् र उनीहरूको मध्यमान ४१.२  रहेको छ । त्यसैगरी संस्थागत विद्यालयका जम्मा ४० जना विद्यार्थीहरूको कूल प्राप्ताङ्क २३५.५ छ, प्रतिशत ५८.८७ छ र मध्यमान ५८.८ रहेको छ भने सामुदायिक र संस्थागत विद्यालयका समग्र विद्यार्थीहरूको प्रतिशताङ्क ५७.७५ र समग्र मध्यमान ५.७७ रहेको छ । त्यस्तै समग्र मानक विचलन २.४० रहेको छ । समूहगत रूपमा मानक विचलन सामुदायिक र संस्थागत विद्यालयको क्रमश: २.३८ र २.४२ अङ्कित छ । दुबै समूहबीच तुलना गर्दा टि.मान ०.४१ आएको छ । उपर्युक्त तथ्याङ्कअनुसार ०.५ प्रतिशत सार्थकताको तह मान्दा दुई मध्यमानबीच अन्तर आएको कुरा टि.परीक्षणको मान ०.४१ भन्दा बढी आएकाले प्रष्ट पारेको छ । यसर्थ सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमतामा सार्थक अन्तर छ भन्ने प्राक्कल्पना सत्य सावित भएको छ । यसरी यी दुबै तथ्याङ्कलाई विश्लेषण गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको प्राप्ताङ्क बढी भएकोले अनुच्छेद लेखनमा सामुदायिक विद्यालयका विद्यार्थीहरूभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरू नै अगाडि रहेको देखिन्छ ।

**४.३ भाषिक पृष्ठभूमिका आधारमा नेपाली भाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूबीचको अनुच्छेद लेखन क्षमताको तुलनात्मक अध्ययन :**

**तालिका : ६**

| समूह | सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | टि.मान |
|---|---|---|---|---|---|---|
| नेपाली मातृभाषी | 48 | 58.4 (58.43%) | 57.7 | 2.64 | 2.40 | 0.30 |
| नेपाली विमातृभाषी | 32 | 56.7 (41.57%) | | 2.13 | | |

**स्तम्भ चित्र : २**




प्रस्तुत तालिका र स्तम्भ चित्रअनुसार अध्ययनका क्रममा लिइएका विद्यार्थीहरूमध्ये स्वाभाविक रूपमा नेपाली मातृभाषीभन्दा नेपाली विमातृभाषी विद्यार्थीहरू अनुच्छेद लेखन कलामा कमजोर रहेको पुष्टि हुन्छ । दोस्रो भाषाको सिकाइमा पहिलो भाषाको प्रभाव परेको पाइयो । समग्र प्रतिशताङ्क र मध्यमानले उक्त कुरालाई देखाएको छ । उक्त तालिकामा ४८ जना मातृभाषी विद्यार्थीहरूको कूल प्राप्ताङ्क २८०.५ छ भने ३२ जना विमातृभाषी विद्यार्थीले प्राप्त गरेको कूल

प्राप्ताङ्क १८१.५ रहेको छ । यस तालिकाअनुसार प्राप्त प्राप्ताङ्कका आधारमा नेपाली मातृभाषी विद्यार्थीले ५८.४३ प्रतिशत र नेपाली विमातृभाषी विद्यार्थीले ४१.५७ प्रतिशत प्राप्त गरेका छन् भने उनीहरूको मध्यमान क्रमशः ५८.४ र ५६.७ रहेको छ । यसबाट नेपाली मातृभाषी विद्यार्थीहरूभन्दा नेपाली विमातृभाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता तुलनात्मक रूपमा कमजोर देखिन्छ ।

त्यस्तै नेपाली मातृभाषी तथा नेपाली विमातृभाषी विद्यार्थीहरूको मानक विचलन क्रमशः २.६४ र २.१३ रहेको छ । जहाँ समग्र मानक विचलन २.४० देखिन्छ । साथै तालिकामा टि.मान ०.३० छ ।

यसरी मध्यमान र मानक विचलनका आधारमा यी दुबै समूहबीचमा अन्तर हुनाले नेपाली विमातृभाषीभन्दा नेपाली मातृभाषीको अनुच्छेद लेखन क्षमता उच्च छ । यी दुई समूहबीच अन्तर छ वा छैन भन्नेतर्फ वस्तुगत रूपमा केलाउन ‘टि.’ को मान ०.५ प्रतिशत सार्थकताको तहमा हेर्दा टि.तालिकामा टि.को मान ०.३० भएको तथ्यले दुबै समूहबीच अन्तर रहेको कुरा स्पष्ट हुन्छ । मूलतः नेपाली विमातृभाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता नेपाली मातृभाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताभन्दा बढी छ भन्ने तथ्याङ्कमा प्रष्ट भएको छ ।

### ४.४ छात्र र छात्रा विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलना


उक्त अध्ययनमा ४० जना छात्र र ४० जना छात्रा छनोट गरी अध्ययन गरिएको छ । यस अध्ययनअनुसार छात्रको प्राप्ताङ्क २३५.५ र छात्राको प्राप्ताङ्क २२६.५ रहेको छ । यसका आधारमा छात्र र छात्राको मध्यमान निकाल्दा निम्न सूत्रको प्रयोग गरिएको छ :

छात्रको मध्यमान $\bar{X} = \frac{\Sigma X}{N}$ छात्राको मध्यमान $\bar{X} = \frac{\Sigma X}{N}$

**तालिका : ७**

<table>
<tr><th>समूह</th><th>सङ्ख्या</th><th>मध्यमान</th><th>समग्र मध्यमान</th><th>मानक विचलन</th><th>समग्र मानक विचलन</th><th>टि. मान</th></tr>
<tr><td>छात्र</td><td>40</td><td>58.8</td><td rowspan="2">57.7</td><td>2.42</td><td rowspan="2">2.40</td><td rowspan="2">0.3<br>0</td></tr>
<tr><td>छात्रा</td><td>40</td><td>41=2</td><td>2.37</td></tr>
</table>

स्तम्भ चित्र : ३




प्रस्तुत तालिकामा लैङ्गिकताको दृष्टिले विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको तुलनात्मक पहिचान गर्न ४०/४० जना छात्र/छात्राहरूलाई प्रतिनिधि नमुनाको रूपमा लिइएको छ । छात्र-छात्राको समूहगत मध्यमान क्रमशः ५८.८ र ४१.२ छ । तालिकामा समग्र मध्यमान ५.७७ अङ्कित छ । समूहगत रूपमा मानक विचलनको स्थिति हेर्दा छात्र समूहतर्फ २.४२ र छात्रा समूहतर्फ २.३७ गणना गरिएको छ । समग्रमा मानक विचलन २.४० रहेको छ । तालिकामा टि.को मान ०.३० छ ।

तालिकाअनुसार समग्र मध्यमानका आधारमा समूहगत मध्यमानलाई हेर्दा समग्र मध्यमानभन्दा छात्रा समूहको मध्यमान १.१ ले कमी छ । समग्र मध्यमानभन्दा छात्र समूहको मध्यमान १.१ ले बढी रहेको छ । समूहगत मध्यमानको तुलना गर्दा छात्रा समूहभन्दा छात्र समूहको मध्यमान २.२ ले बढी रहेको छ । छात्रको समूहगत मध्यमान छात्राको मध्यमानभन्दा पनि बढी र समग्र मध्यमानभन्दा पनि बढी भएबाट छात्रा समूहको तुलनामा छात्र समूहको अनुच्छेद लेखन क्षमता उच्च रहेको छ ।

समग्र मानक विचलन २.४० को तुलनामा छात्र समूहको मानक विचलन ०.०२ ले बढी हुनुले छात्र समूहको मानक विचलन समग्र मानक विचलन नजिक छ । छात्रा समूहको मानक समग्र मानक विचलनभन्दा ०.०३ ले कम रहेको छ । समूहगतरूपमा छात्रा समूहभन्दा छात्र समूहको मानक विचलन ०.०५ ले बढी रहेको छ ।

तालिकामा हेर्दा मध्यमानका आधारमा छात्र समूहभन्दा छात्र समूहको क्षमता बढी छ । मानक विचलनका आधारमा छात्र समूहभन्दा छात्रा समूह बढी विचलित छ । यस अर्थमा यी दुई समूहहरूबीचको क्षमतागत अन्तर स्पष्ट छ । यसरी दुई समूहहरूको अन्तरलाई अझ बस्तुगत रूपमा पहिचान गर्न टि.को मान हेर्दा यी दुई समूहको अनुच्छेद लेखन क्षमतामा थोरै अन्तर रहेको

विश्लेषित तथ्याङ्कले देखाउँछ । गणना गरिएको टि.को मान तालिकामा ०.३० रहेको छ । यसले दुबैको मध्यमान अन्तर कम छ तर ०.५ प्रतिशत सार्थकताको तहमा हेर्दा अन्तर छैन भन्नुभन्दा छ भन्ने प्राक्कल्पनालाई नै यसले सहयोग पुऱ्याएको छ तर पनि अन्य समूहको तुलनामा यो अन्तर कम हो ।

## ४.५ सारांश

प्रस्तुत अध्ययनको उद्देश्य प्राप्तिका लागि नवलपरासी जिल्ला अन्तर्गत गैंडाकोट क्षेत्रका ४ वटा सामुदायिक र ४ वटा संस्थागत गरी जम्मा ८ वटा विद्यालयका कक्षा नौ (९)मा अध्ययनरत ८० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरी अध्ययन गरिएको छ । जसमध्ये सामुदायिक विद्यालयका ४० जना र संस्थागत विद्यालयका ४० जना, जसमा नेपाली मातृभाषी ४८ जना र नेपाली विमातृभाषी ३२ जना र लैङ्गिकताका आधारमा छात्र ४० जना र छात्रा ४० जना विद्यार्थीमा "नेपालमा कृषिको महत्व" शीर्षकमा १५० शब्दसम्मको अनुच्छेद लेखन कार्य गराइएको छ ।

प्रस्तुत अध्ययनमा अध्ययनबाट प्राप्त तथ्याङ्क समग्रता, भाषिक पृष्ठभूमि, लैङ्गिकता र सामुदायिक र संस्थागत विद्यालयका आधारमा छुट्टा-छुट्टै अनुच्छेद लेखन गराउँदा सामुदायिक विद्यालयका विद्यार्थीभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमता तुलनात्मक रूपमा राम्रो रहेको छ । जसमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको प्रतिशत ४३.६२ र संस्थागत विद्यालयका विद्यार्थीहरूको प्रतिशत ५६.३८ रहेको छ । त्यसैगरी भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषीभन्दा नेपाली विमातृभाषी विद्यार्थीको अनुच्छेद लेखन क्षमता कमजोर रहेको पाइन्छ भने लैङ्गिकताका आधारमा हेर्दा छात्राहरूभन्दा छात्रहरूको नै अनुच्छेद लेखन क्षमता उच्च रहेको तथ्याङ्कले देखाएको छ ।

# परिच्छेद : पाँच
# सारांश, निष्कर्ष र उपयोगिता

## ५.१ सारांश

अनुच्छेद लेखन प्रक्रिया लेखाइ सीप विकासको लागि प्रमुख कार्यकलापका रूपमा रहन्छ, अनुच्छेद लेखन समग्र वाङ्मयको सिर्जनागर्ने आधारभूत जग निर्माणको चरण हो । अनुच्छेदमा रचनात्मक पक्षहरू समावेश हुने हुनाले विद्यार्थीको अनुच्छेद लेखन क्षमताको अध्ययन अनुसन्धान आवश्यक ठहरिन्छ । शुद्ध, प्रासङ्गिक, समय सापेक्षरूपमा लेखेर आफ्नो जीविकोपार्जन कार्यक्रममा संलग्न व्यक्तिका लागि पनि अनुच्छेद लेखन आवश्यक

छ । विद्यार्थीमा रहेका लिखित अभिव्यक्ति क्षमता पहिचान गर्ने प्रमुख आधार पनि अनुच्छेद लेखन नै भएको कारण यस शोधकार्यमा विद्यार्थीको अनुच्छेद लेखन क्षमतालाई अग्रभूमिका रूपमा स्थापित गरिएको छ ।

अनुच्छेद लेखनको लेखाइ सीप विकास तथा भाषा शिक्षणका क्षेत्रमा आफ्नो छुट्टै पहिचान रहेको छ । विविध अनुच्छेदहरूको रचना गरी त्यसबाट वोध, प्रश्नोत्तर, बुँदा टिपोट, प्रतिवेदन लेखन, संक्षिप्त उत्तर लेख्ने प्रक्रियालाई यस अध्ययनले सहयोग गर्नेछ । विद्यार्थीले विभिन्न घटनालाई मध्यनजर गर्दै लिखित अभिव्यक्ति दिन, भावसम्प्रेषण गर्न समर्थ छन् कि छैनन् भनी अध्ययन गरी नेपाली भाषा शिक्षण गर्ने शिक्षक, अध्येता तथा नेपाली भाषा लेखन सीपप्रति अभिरुचि राख्ने जो कोहीलाई पनि यस अनुसन्धानले सहयोग गर्नुका साथै भविष्यमा नेपाली भाषा र लेखन सीपको अध्यापन गर्ने अध्यापकका लागि मार्गदर्शकका साथै लेखन सीप विकासका लागि आवश्यक रणनीति तय गरी आफ्नो शिक्षण कौशलमा निखारता ल्याउन यस अनुसन्धानले महत्वपूर्ण सहयोग गर्नेछ ।

लेखाइ सीपको आफ्नै प्रकारको विशिष्ट महत्व रहेकाले लेखेर नै जीविका चलाउने कलमजिवीहरूका लागि अनुच्छेद लेखन अत्यावश्यक तथा आधारभूत पक्ष बन्दछ । यसै क्रममा लेख्य भाषाका प्रस्तुतीकरणको औपचारिक, स्तरीय एवम् शुद्ध लेखाइ सीपको सन्दर्भमा अनुच्छेद लेखनले प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सहायता पुऱ्याइरहेको हुन्छ ।

यस शोधकार्यमा नमुनाको रूपमा नवलपरासी जिल्लाअन्तर्गत गैंडाकोट क्षेत्रका ४ वटा संस्थागत र ४ वटा सामुदायिक विद्यालयका कक्षा नौ(९)मा अध्ययनरत छात्र, छात्रा गरी जम्मा ८० जना विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन गरिएको छ ।

चारवटा सामुदयिक र चारवटा संस्थागत विद्यालयहरूमा अनुच्छेद लेखन कार्य गराई गरिएको परीक्षणमा सामुदायिक विद्यालयले ४१.२ प्रतिशत र संस्थागत विद्यालयले ५८.८ प्रतिशत प्राप्त गर्नुले पनि यसको पुष्टि गर्दछ । अनुच्छेद लेखनमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी

विद्यार्थीहरूको तुलनात्मक अध्ययन गर्दा नेपाली विमातृभाषी विद्यार्थीको तुलनामा नेपाली मातृभाषी विद्यार्थीको अनुच्छेद लेखन क्षमता राम्रो पाइएको छ ।

लैङ्गिकताको आधारमा हेर्दा छात्राहरूको तुलनामा छात्रहरूको अनुच्छेद लेखन क्षमता राम्रो देखियो । ४० जना छात्रा र ४० जना छात्र लिँदा छात्रले ५८.८७ र छात्राले ४१.१३ प्रतिशत अङ्क प्राप्त गर्नुबाट नै उक्त कुरा पुष्टि हुन आउँछ ।

जसमा नेपाली मातृभाषी ४८ जना र नेपाली विमातृभाषी ३२ जना र लैङ्गिकताका आधारमा छात्र ४० जना र छात्रा ४० जना विद्यार्थीमा “नेपालमा कृषिको महत्व” शीर्षकमा १५० शब्दसम्मको अनुच्छेद लेखन कार्य गराइएको छ ।

## ५.२ निष्कर्ष

नवलपरासी जिल्ला अन्तर्गत गैंडाकोट क्षेत्रका माध्यमिक तह कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन गरिएको यस शोध कार्यमा शोधार्थीले विभिन्न खोज र अनुसन्धानका क्रममा प्राप्त गरेको परिणामका आधारमा निम्नलिखित निष्कर्षहरू प्राप्त भएका छन् :

क) मध्यमानका आधारमा हेर्दा कक्षा नौ(९)का विद्यार्थीहरूमा पूर्णाङ्क १० को परीक्षणमा मध्यमान ५.७७ भएकाले पनि विद्यार्थीमा भाषिक प्रस्तुती, शैली, शुद्धता, विषयवस्तुको संयोजन खासै सन्तोषजनक नभई मध्यम खालको भएको कारण लेखन कलामा सुधार गर्नका लागि धेरै नै मिहिनेत गर्नु पर्ने देखिन्छ ।

ख) माध्यमिक तहका विद्यार्थीहरू भए तापनि विद्यार्थीहरूमा शब्दको आवृत्तिसम्बन्धी समस्याहरू रहेको भेटियो ।

ग) अनुच्छेद लेखनको क्रममा विषयवस्तुको प्रस्तुतीकरण तथा संयोजनमा खासै ध्यान दिएको पाइँदैन ।

घ) अनुच्छेद लेखन क्षमताको समग्र अध्ययनको क्रममा सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनामा संस्थागत विद्यालयका विद्यार्थीहरूको राम्रो अवस्था रहेको देखियो । चारवटा सामुदयिक र चारवटा संस्थागत विद्यालयहरूमा अनुच्छेद लेखन कार्य गराई गरिएको परीक्षणमा सामुदायिक विद्यालयले ४३.६२ प्रतिशत र संस्थागत विद्यालयले ५६.३८ प्रतिशत प्राप्त गर्नुले पनि यसको पुष्टि गर्दछ ।

ङ) अनुच्छेद लेखनमा नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको तुलनात्मक अध्ययन गर्दा नेपाली विमातृभाषी विद्यार्थीको तुलनामा नेपाली मातृभाषी विद्यार्थीको

अनुच्छेद लेखन क्षमता राम्रो पाइएको छ । उनीहरूको लेखनगत भाषिक शुद्धता, स्तरीयता, वर्णविन्यासीय त्रुटिहरू कम भेटिए र नेपाली विमातृभाषी विद्यार्थीहरूमा यस किसिमका त्रुटिहरू बढी रहेको

पाइयो । नेपाली मातृभाषी विद्यार्थीहरूको तुलनामा नेपाली विमातृभाषी विद्यार्थीहरूको लेखाइमा पारिवारिक आभाष र कथ्य नेपाली बोलीचालीको प्रयोग अत्याधिक पाइएको छ । यसका साथै व्याकरणगत त्रुटि, कर्ता, कर्म, क्रिया, ह्रस्व-दीर्घ, पदयोग-पदवियोग, एवम् आदरार्थी प्रयोग र लिङ्ग, वचन, पुरुष तथा वाक्यात्मक संरचनामा समेत समस्या परेको देखिन्छ । तथ्याङ्कीय आधारमा हेर्दा नेपाली मातृभाषी विद्यार्थीहरूले ५८.४३ र नेपाली विमातृभाषी विद्यार्थीहरूले ४१.५७ प्रतिशत अङ्क प्राप्त गर्नुले पनि उक्त कुराको पुष्टि

गर्दछ ।

च) लैङ्गिकताको आधारमा हेर्दा छात्राहरूको तुलनामा छात्रहरूको अनुच्छेद लेखन क्षमता राम्रो देखियो । ४० जना छात्रा र ४० जना छात्र लिँदा छात्रले ५८.८७ र छात्राले ४१.१३ प्रतिशत अङ्क प्राप्त गर्नुबाट नै उक्त कुरा पुष्टि हुन आउँछ ।

छ) अनुच्छेद लेखनबाट भाषाको लेखन सीप विकासमा परिष्कार, परिपक्वता, कौशलता, दक्षता, क्षमता तथा तथ्यपरकता निर्माणमा सहयोग गर्दछ ।

ज) अनुच्छेद लेखनले भाषामा देखिएका समस्या, कसर-मसर, कमीकमजोरीलाई क्रमशः समाधान गर्दै भाषालाई स्तरीय, व्यापक, प्रौढ एवम् मानक बनाउँदै लैजान्छ । यस लेखनले सिद्धान्तलाई व्यवहारमा उतार्न कुनै पनि विषय तथा विचारलाई सङ्गठित एवम् एकीकृत ढङ्गले प्रस्तुत गर्न सहयोग गर्दछ ।

झ) अभ्यासले मानिसलाई पूर्ण बनाउँछ भने झैं अनुच्छेद लेखनको निरन्तर अभ्यासका कारण साहित्यका गद्यात्मक विधाहरू रचना गर्नुका साथै अन्य सिर्जनात्मक लेख रचनाहरूको विचार एवम् चिन्तनलाई क्रमवद्ध गर्न प्रारम्भिक जग निर्माणको कार्यमा अनुच्छेद लेखनले आधार निर्माण गर्दछ तर विद्यालयका कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरू उक्त सीप विकासका लागि निरन्तर र अनिवार्यरूपमा कक्षाकार्य, गृहकार्य, निबन्ध, प्रबन्ध तथा अनुच्छेद लेखन प्रतियोगिता जस्ता पक्षमा निरन्तर अभ्यास नभएको पाइयो । विद्यार्थीलाई शिक्षण सिकाइका क्रममा भाषिक शुद्धाशुद्धिमा पर्याप्त ध्यान नदिइएको पाइयो ।

ञ) कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखनको क्रममा लेख्य चिन्हको प्रयोगलाई हेर्दा अधिकांश विद्यार्थीहरूले एउटा वाक्य नटुङ्ग्याई अर्को वाक्यको सुरुवात गरेको र चन्द्रविन्दु, सिरबिन्दु र विभक्तिको प्रयोगमा समेत कमजोर रहेको पाइयो ।

ट) नेपाली भाषालाई सजिलो विषयको रूपमा हेर्ने, सम्बन्धित विद्यालयमा शिक्षक निर्देशिकाको अभाव हुनु, परीक्षामा अनुच्छेद लेखनलाई समावेश नगरिनु जस्ता थुप्रै कारणले अनुच्छेद लेखनमा अपेक्षाकृत नतिजा आउन सकेको छैन ।

ठ) नेपाली भाषामा पढाइका अलवा लेखाइ सीपमा विद्यार्थीहरू पछि पर्नुमा शिक्षण सिकाइका क्रममा पाठ्यपुस्तकलाई श्रङ्खलाबद्ध अनुच्छेद छुट्याउन नलगाउनु जस्ता पक्षहरू रहेका छन् । विषयवस्तुमा नयाँ ज्ञान दिने प्रयत्न नगर्नु, भाषिक शुद्धाशुद्धिमा प्रयाप्त ध्यान नदिनु, विद्यार्थीहरूलाई खोजमुलक एवम् सिर्जनात्मक गृहकार्य, कक्षाकार्यहरू गर्न नलगाउनु जस्ता कुराहरूमा शिक्षकहरूको पनि केही लापरबाही देखिन्छ ।

## ५.३ शैक्षणिक उपयोगिता

भाषाका दुई रूप हुन्छन् : मौखिक र लिखित । त्यस्तै भाषाका चारवटा सीपहरू(सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मध्ये लेखाइ सीप सबैभन्दा स्तरीय भाषिक सीप हो । लिखित भाषा स्थायी किसिमको हुन्छ । लेखाइ सीपका माध्यमबाट नै शिक्षित समुदायले अभिव्यक्तिको उत्कृष्टता प्रदर्शन गरेको हुन्छ । अनुच्छेद लेखनले व्यक्तिको सिर्जनात्मकता, मौलिकता, क्षमता, दक्षता, सीप कौशलको निर्माण गर्दछ । अनुच्छेदले विभिन्न गद्यात्मक लेख रचना सिर्जना गर्न यससँग सम्बन्धित जानकारी लिन चाहने शिक्षक, विद्यार्थी, शिक्षाविद्, भाषाविद्, अभिभावक, वौद्धिक व्यक्तित्व आदि सबै पक्षलाई थोरबहुत सहयोग गर्नेछ, फाइदा दिनेछ भन्ने विश्वास शोधार्थीको रहेको छ ।

व्यक्तिले ज्ञान र अनुभव गरेका कुराहरूलाई अरु समक्ष प्रस्तुत गर्न ती कुराहरूलाई स्मरणमा राखी राख्न र भविष्यमा आफू र अरुका लागि आवश्यकताअनुसार पुनः प्रयोगमा ल्याउन लेखन कलाले मद्दत गर्दछ । प्रस्तुत अध्ययनको शैक्षणिक प्रयोजनलाई निम्नानुसार बुँदाकद्ध गरिएको छ :

क) प्रस्तुत अध्ययनबाट कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूको लेखन क्षमताको विकास गर्ने,

ख) माध्यमिक तहमा अनुच्छेद लेखन शिक्षण प्रक्रियाको आवश्यकता वोध गराउने, यस अध्ययनबाट प्राप्त परिणामका आधारमा सम्बन्धित सबैलाई अनुच्छेद लेखन क्षमताको वास्तविकता थाहा पाएर भए गरेका कमीकमजोरी पत्ता लगाई सुधार गर्नुपर्ने पक्षको जानकारी प्रदान गर्दछ ।

ग) प्रस्तुत अध्ययनबाट नेपाली भाषा शिक्षण गर्ने शिक्षक, विद्यार्थी एवम् अभिभावकका लागि उचित मार्गदर्शन प्रदान गर्दछ ।

घ) यसले भाषा पाठ्यक्रम निर्माण, परिष्कार एवम् परिमार्जन गर्न सहयोग गर्दछ ।

ङ) यस अध्ययनबाट नेपाली भाषा अध्यापक, अध्येता एवम् यस विषयमा अनुसन्धान गर्न चाहने अनुसन्धानकर्ताका लागि पनि आधार प्रदान गर्दछ ।

च) प्रस्तुत अध्ययनले अनुच्छेद लेखन शिक्षणको महत्वका बारेमा स्पष्ट पार्दछ ।

छ) यस अध्ययनले भाषा पाठ्यक्रममा समावेश भएका भाषिक सीप प्राप्त हुनेगरी विधागत छनोट तथा क्षेत्र निर्धारण गर्न सहयोग गर्दछ ।

ज) माध्यमिक तहका पाठ्यपुस्तकहरू र यसमा समावेश अभ्यासहरूको निर्धारण गर्दा विद्यार्थीहरूको मनोविज्ञान, स्तर, उमेर आदिलाई मध्यनजर गर्दै निर्माण गर्न सहयोग गर्दछ ।

झ) यस अध्ययनबाट लेखाइ क्षमताको वास्तविकता थाहा हुनुका साथै नेपाली भाषा शिक्षण गर्दा अपनाउनु पर्ने भाषिक सचेतताका बारेमा जानकारी प्राप्त हुन्छ ।

ञ) आगामी दिनमा अनुच्छेद लेखन क्षमतासँग सम्बन्धित अन्य अध्ययन अनुसन्धान गर्नका लागि यो अध्ययनले समस्याको पहिचान गर्न सघाउनेछ ।

## ५.४ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

अनुसन्धान भन्ने विषय आँफैमा व्यापक क्षेत्रको खोजी गर्ने विषय हो । कुनै पनि विषयमा अनुसन्धान कार्य गर्ने व्यक्तिले त्यस विषयसँग सम्बन्धित हरेक समस्याहरूको खोजी गरी ती समस्या समाधान गर्ने दरिलो प्रयास गरेको हुन्छ । मानव निर्मित कुनै पनि सिद्धान्त शास्वत सत्य नभए झैं छोटो समयमा निश्चित उद्देश्य परिपूर्तिका लागि गरिएको अनुसन्धानले निश्चित विषयका सबै कुराहरूलाई समेट्न पक्कै पनि असमर्थ हुन्छ । अनुसन्धान निरन्तर रूपमा नरोकीकन चलिरहने प्रक्रिया भएकोले फेरि पनि यस विषयसँग सम्बन्धित रहेर अनुसन्धान गर्नुपर्दा अध्येताले निम्नलिखित शीर्षकहरूलाई आगामी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू छनोट गर्न आवश्यक ठानेकी छु :

क) कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूको लिखित अभिव्यक्ति क्षमताको अध्ययन,

ख) कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको चित्र वर्णन क्षमताको अध्ययन,

ग) माध्यमिक तहका विद्यार्थीहरूको प्रतिवेदन लेखन क्षमताको अध्ययन,

घ) कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखनका आधारमा वर्णविन्यास क्षमताको अध्ययन,

ङ) निम्न माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको टिप्पणी लेखन क्षमताको अध्ययन,

च) कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको दैनिकी लेखन क्षमताको अध्ययन,

छ) कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूको श्रुतिलेखन क्षमताको अध्ययन,

ज) माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको क्षमता मापन गर्न अपनाइने विधिहरूको अध्ययन,

झ) कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन,

ञ) कक्षा नौ(९)मा अध्ययनरत मातृभाषी तथा विमातृभाषी विद्यार्थीहरूको अनुच्छेद लेखनका आधारमा वर्णविन्यास क्षमताको अध्ययन ।

## सन्दर्भ सूची

अधिकारी, हेमाङ्गराज, (२०६३) **नेपाली भाषा शिक्षण**, काठमाण्डौं, विद्यार्थी पुस्तक भण्डार भोटाहिटी, ।

————, (२०६३) **भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति**, काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, ।

————, (२०६७) **प्रयोगात्मक नेपाली व्याकरण**, काठमाण्डौं : साझा प्रकाशन, ललितपुर, ।

अधिकारी, हेमाङ्गराज र भट्टराई बद्रीबिलास, (२०६३) **प्रयोगात्मक नेपाली शब्दकोश**, काठमाण्डौं: विद्यार्थी प्रकाशन प्रा.लि., ।

खत्री, मीरा, (२०६६) **उच्च माध्यमिक तह कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन**, (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, ।

खनाल, पेशल, (२०६०) **शैक्षिक अनुसन्धान पद्धति**, काठमाण्डौं : स्टुडेन्ट्स बुक्स, कीर्तिपुर, ।

जबरा, स्वयम् प्रकाश र अन्य, (२०६७) **शिक्षामा मापन तथा मूल्याङ्कन**, काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, ।

ढकाल, शान्तिप्रसाद, (२०६२) **नेपाली भाषा शिक्षण परिचय र प्रयोग**, काठमाण्डौं : मनकामना बुक्स एण्ड स्टेसनरी, ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०६७) **नेपाली भाषा शिक्षण**, काठमाण्डौं : एम. के (पब्लिकेशन एण्ड डिष्ट्रिव्युटर्स, ।

त्रिताल, बुलबुला, (२०६६) **कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर, ।

पाठ्क्रम विकास केन्द्र, (२०६४) **माध्यमिक नेपाली पाठ्यक्रम**, सानोठिमी, भक्तपुर, ।

बराल, पुरुषोत्तम, (२०६६) **कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), नेपाली भाषा शिक्षा विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, ।

बन्धु, चुडामणि, (२०५२) **अनुसन्धान प्रतिवेदन**, काठमाण्डौं : रत्न पुस्तक भण्डार, ।

भट्टराई, रामप्रसाद, (२०६८) **भाषिक अनुसन्धान विधि**, काठमाण्डौं : शुभकामना बुक्स एण्ड स्टेसनरी, ताहचल, ।

भण्डारी, पारसमणि र अन्य, (२०६८) **भाषिक अनुसन्धान विधि**, काठमाण्डौं : पिनाकल पब्लिकेशन प्रा.लि., बागबजार, ।

भण्डारी, पारसमणि, (२०६३) **स्नातकोत्तर नेपाली शोध विवरण**, काठमाण्डौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज, ।

भण्डारी, शकुन्तला, (२०६७) **उच्च माध्यमिक तह कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर, ।

राय, शिवशङ्कर, (२०६८) **कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर, ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद, (२०६७) **नेपाली भाषा र साहित्य शिषण**, काठमाण्डौंः विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, ।

सापकोटा, रमा, (२०६७) **कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूको अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर, ।

सिग्देल, निर्मला कुमारी, (२०६७) **कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर, ।

# परिशिष्ट -'क'

## विभिन्न विद्यालयका शिक्षकहरूसँग गरिएको लिखित प्रश्नोत्तर विषय शिक्षकलाई अनुरोध पत्र :

श्रीमान् ............................................ ।

श्री ............................................... विद्यालय,

................................................................ ।

विषय : शोध कार्यमा सहयोग पाउँ भन्ने बारे ।

महोदय,

म त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, बालकुमारी कलेज नेपाली भाषाशिक्षा विभाग, शोध वर्षको विद्यार्थी भएको र मैले "नवलपरासी जिल्ला अन्तर्गत गैंडाकोट क्षेत्रका कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन" शिर्षकमा शोधकार्य गर्न लागेकाले तपाई यस श्री ............................ विद्यालयका नेपाली शिक्षक हुनुको हैसियतले यहाँसमक्ष शिक्षाशास्त्र सङ्काय नेपाली भाषा विभागबाट सामग्री सङ्कलन गर्ने निर्देशन पाएअनुसार अनुच्छेद लेखनसम्बन्धी केही प्रश्नहरूको उत्तर लिएर विद्यार्थीहरूको लेखन सीपको अवस्था बुझी सुधारका लागि सुझाव पेस गर्ने कोसिस गरेकी छु ।

यस कार्यमा यहाँको तर्फबाट सक्दो सहयोग प्राप्त हुने पूर्ण विश्वासका साथ प्रश्नहरू यहाँसमक्ष प्रस्तुत गर्दछु । ती प्रश्नहरूको उत्तर दिई सहयोग गर्नुहुनेछ भन्ने विश्वासका साथ यो निवेदन पेश गरेकी छु ।

शोधार्थी

लक्ष्मी रिमाल

बालकुमारी कलेज

नेपाली भाषा शिक्षा विभाग

स्नातकोत्तर दास्रो बर्ष नारायणगढ,
चितवन

मिति : २०७१/ /

# परिशिष्ट -'ख'

## प्रतिनिधि नमुना छनोटमा पर्नु भएका शिक्षकहरूलाई अनुच्छेद लेखनका सम्बन्धमा गरिएका प्रश्नहरू :

१) लेखन सीप विकासका लागि अनुच्छेद लेखन कार्यले कत्तिको सहयोग पुऱ्याएको पाउनु भएको छ ?

२) अनुच्छेद लेखनले साहित्यिक तथा साहित्येत्तर लेख रचनामा के-कस्तो सहयोग पुऱ्याउँछ जस्तो लाग्छ ?

३) तपाईले अध्यापन गराइरहनु भएको कक्षा नौ(९)का विद्यार्थीहरूले अनुच्छेद लेखनका क्रममा के-कस्ता त्रुटिहरू गर्दछन् ?

४) अनुच्छेद लेखनले भाषिक सीप विकासका लागि के-कस्तो भूमिका निर्वाह गर्न सक्ला ?

५) अनुच्छेद लेखनका लागि तल्लो तह र माथिल्लो तहका विद्यार्थीहरूमा के-कस्तो भिन्नता पाउन सक्नुहुन्छ ?

६) नेपाली मातृभाषी र नेपाली विमातृभाषी विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमतामा के-कस्ता फरकहरू पाउनु भएको छ ?

७) लेखाइ सीपको विकासमा छात्र र छात्राहरू बीचमा केही फरक छ कि ?

८) तपाईको विचारमा कक्षा नौ(९)मा अनुच्छेद लेखन गराउनु कत्तिको सान्दर्भिक छ ?

९) अनुच्छेद लेखनका कमजोर पक्षहरू के-कस्ता रहेका छन् ?

१०) अनुच्छेद लेखन सुधारका लागि प्राप्त अनुभवबाट पत्ता लागेका केही सुझावहरू छन् कि ?

## परिशिष्ट -'ग'

### अनुच्छेद लेखनमा उपयोग गरिएका प्रतिनिधि शीर्षकहरू :

१) नेपालमा कृषिको महफ्व

२) कक्षा नौ(९)मा पढ्दाको मेरो अनुभव

३) विद्यार्थी जीवनमा अनुशासनको महफ्व

४) मेरो देश

### प्रतिनिधि नमुना छनोटमा परेका विद्यालय तथा विद्यार्थीहरूको नामावली

### सामुदायिक विद्यालय तर्फ

क) श्री जनक उच्च माध्यमिक विद्यालय, गैंडाकोट -५, नवलपरासी

१) कञ्चन राना
२) सरीता न्यौपाने
३) इन्दिरा लामिछाने
४) देवकी श्रेष्ठ
५) रञ्जु घिमिरे
६) शुसान्त मुखिया
७) दिपेश खड्का
८) इन्द्रज्योति पोखेल
९) पुष्पराज पौडेल
१०) देवप्रसाद गन्धर्व

ख) श्री कालिका उच्च माध्यमिक विद्यालय,, गैंडाकोट -८, नवलपरासी

१) अनु विश्वकर्मा
२) मिरा राना
३) सरस्वती सुवेदी
४) साहना विश्वकर्मा
५) अस्मिता परियार
६) केशव अधिकारी
७) दिपेश पाण्डे
८) गोविन्द गिरी
९) विवेक दराई
१०) जीवन शर्मा

ग) श्री नेपाल राष्ट्रिय शमसेर माध्यमिक विद्यालय, गैडाकोट -२, नवलपरासी

१) अञ्जु वाग्ले
२) राधिका कण्डेल
३) उदिसरा गुरुङ
४) रबिना कुमाल
५) देवकी श्रेष्ठ
६) दिनेश कण्डेल
७) मनिष बराल
८) सुरेन्द्र पौडेल
९) इन्द्र मगर
१०) लिला रानामगर

ग) श्री नारायणी  माध्यमिक विद्यालय, गैडाकोट ७ नवलपरासी

१) पूजा पोखेल
२) अनिता दराई
३) विष्णु घिमिरे
४) सीमा जी.सी.
५) सिर्जना गुरुङ
६) विनोद कुमाल
७) पोषण कार्की
८) सन्दिप सिंजाली मगर
९) मुक्ति कंडेल
१०) समीर वि.क.

## संस्थागत विद्यालय तर्फबाट

क) श्री बालविकास उच्च माध्यमिक विद्यालय, गैंडाकोट -२, नवलपरासी

१) कृती भुषाल
२) समिता देवकोटा
३) ईशा पुन
४) सन्ध्या गिरी
५) रञ्जना पोखेल
६) रजत के.सी.
७) अमृत पाण्डे
८) विकल सापकोटा
९) आदित पन्त
१०) विकास राना

ख) श्री कन्टिनेन्टल आवासीय उच्च माध्यमिक विद्यालय, गैंडाकोट -१, नवलपरासी

१) बिजु अधिकारी
२) विमल ढकाल
३) ममता थापा
४) नित्या पौडेल
५) भावना श्रेष्ठ
६) रीतु पिया
७) सुबास घिमिरे
८) विशाल थापा
९) अनुप थापा
१०) अमित श्रेष्ठ

ग) श्री नमुना आवासीय उच्च माध्यमिक विद्यालय, गैंडाकोट -४, नवलपरासी
१) स्वस्तिका शर्मा
२) अञ्जली थापा
३) अदिति गुरुङ
४) पवित्रा अर्याल
५) वर्षा आचार्य
६) सचीन अधिकारी
७) विवेक आचार्य
८) नयन दाहाल
९) प्रतीक घिमिरे
१०) शुशिल श्रेष्ठ

घ) श्री विजय सामुदायिक शिक्षा सदन, गैंडाकोट -८, नवलपरासी
१) मनिता गोतामे
२) स्मृति कंडेल
३) ज्योति सापकोटा
४) विनीता सापकोटा
५) आकृति ढकाल
६) ध्रुब सापकोटा
७) अभिषेक कंडेल
८) बसन्त सापकोटा
९) विष्णु नेपाली
१०) सुदीप जि.सी.

# परिशिष्ट -‘घ’

## मूल्याङ्कनको स्वरुप

अनुच्छेद लेखनको अङ्क निर्धारण गर्दा माध्यमिक तह उत्तर कुञ्जिका परीक्षणअन्तर्गत अनुच्छेदात्मक प्रस्तुतिलाई श्रेणी विभाजन गरी श्रेणीअनुसार (✓) लगाएर अन्त्यमा योगफल निकालिएको छ ।

विद्यालय : श्री कालिका उच्च मा.वि., गैंडाकोट

विद्यार्थीको नाम : अनु विश्वकर्मा

अनुच्छेदको शीर्षक : “नेपालमा कृषिको महत्व”

मातृभाषा : नेपाली

लैङ्गिकता : छात्रा

जातीयता : दलित

विद्यालयको प्रकृति : सामुदायिक विद्यालय

| विषयवस्तुको संयोजन | | | | | प्रस्तुतीकरण | | | | | भाषिक शुद्धता | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अ. | उ. | म. | नि. | न्यू. | अ. | उ. | म. | नि. | न्यू. | अ. | उ. | म. | नि. | 10 |
| 4 | 3.5 ✓ | 3 | 2 | 1 | 3.5 | 3 | 2 ✓ | 1.5 | 1 | 2.5 | 2 | 1.5 ✓ | 1 | 7 |

१. विषयवस्तुको संयोजन : शीर्षकसँग सम्बन्धित ज्ञानको प्रस्तुती, स्तरीयता र मौलिकता ।

२. प्रस्तुतीकरण : अनुच्छेद (आदि, मध्य र अन्त्यको अनुक्रम) को स्वरुप ।

३. भाषिक शुद्धता : शब्द आवृत्ति, पदयोग, ह्रश्व-दीर्घ, विराम चिन्ह, विभक्ति चिन्ह, वर्णविन्यास, मानक भाषाको प्रयोग ।

४. अ. = अत्युत्तम

उ.. = उत्तम

| | | |
|---|---|---|
| म. | = | मध्यम |
| नि. | = | निम्न |
| न्यू. | = | न्यून |

विद्यालयका जानकारी पत्रहरू :

# श्री जनक उच्च माध्यमिक विद्यालय, गैंडाकोट

प.सं. :

च.नं. : मिति : २०७१/ / .

## विषय : जानकारी सम्बन्धमा ।

श्री विभागीय प्रमुखज्यू,

नेपाली भाषा शिक्षा विभाग

बालकुमारी कलेज, नारायणगढ, चितवन ।

महोदय,

उपर्युक्त सम्बन्धमा त्यस विभागका शोधवर्षका विद्यार्थी लक्ष्मी रिमाल मिति - २०७१/ / गतेका दिन यस विद्यालयमा उपस्थित हुनु भई "नवलपरासी जिल्ला अन्तर्गत गैंडाकोट क्षेत्रका कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूलाई अनुच्छेद लेखन क्षमताको अध्ययन" शीर्षकमा शोधकार्य सम्पन्न गर्नुभएको व्यहोरा जानकारी गरिन्छ ।

...................

प्रधानाध्यापक

विद्यालयका जानकारी पत्रहरू :

# श्री बालविकास उच्च माध्यमिक विद्यालय, गैंडाकोट

प.सं. :

च.नं. : मिति : २०७१/ / .

## विषय : जानकारी सम्बन्धमा ।

श्री विभागीय प्रमुखज्यू,

नेपाली भाषा शिक्षा विभाग

बालकुमारी कलेज, नारायणगढ, चितवन ।

महोदय,

प्रस्तुत सन्दर्भमा उक्त विभागका शोधवर्षका विद्यार्थी लक्ष्मी रिमालले “नवलपरासी जिल्ला अन्तर्गत गैंडाकोट क्षेत्रका कक्षा नौ(९)मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेद लेखन क्षमताको अध्ययन” शीर्षकमा शोधकार्य गर्ने सन्दर्भमा यस विद्यालयमा आई सम्बन्धित शीर्षकमा विद्यार्थीहरूलाई अनुच्छेद लेखाइ सक्रिय बनाएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

..................

प्रधानाध्यापक

अनुच्छेद लेखन

नाम : अमृत पाण्डे

६.५/१०

कक्षा : १० 'लोटस'

विद्यालय : श्री बाल विकास उच्च मा. विद्यालय, गैडाकोट

नेपालमा कृषिको महत्त्व

नेपाल एक कृषिमा आधारित देश हो । नेपालका हैरे-जसो मानिस कृषिमा निर्भर छन् । नेपालमा कृषिको ठूलो महत्त्व छ । कृषिको विकासले गर्दा नेपाली जनताको जीवनस्तरमा सुधार भएको छ । कृषिको विकासले हाम्रो देशको राष्ट्रिय आय बढाएको छ । कृषि क्षेत्रले नेपालमा सबै भन्दा बढि रोजगार प्रदान गरेको पाइन्छ । कृषि नेपाली जनताको जीवनस्तरको मुख्य साधन भएको छ । उद्योग र व्यापारको विकास पनि कृषिमा निर्भर छन् । उद्योगका लागि चाहिने कच्चा माल कृषि कृषि ले प्राप्त हुन्छ । मुख्य, स्रोत, खाद्य सामाग्री र मानव प्रणाली पनि कृषिबाट प्राप्त भएको पाइन्छ । कृषि एक भोजनको स्रोत पनि हो । मानवका लागि मात्र होइन पशुपंक्षीहरूले पनि कृषि कृषि आफ्नो भोजन प्राप्त गर्न सक्छन् । नेपालमा कृषिबाट ५० प्रतिशत निर्यात उत्पादनहरू प्राप्त भएको छ र ४० प्रतिशत भन्दा बढि राष्ट्रिय आय कृषिबाट

नै पाइन्छ। नेपालमा स्थापित हुँदै गरेका उद्योगहरू पनि कृषिमा निर्भर छन् किनभने यस क्षेत्रबाट विभिन्न महत्वपूर्ण कच्चा पदार्थहरू प्राप्त गर्न सकिन्छ। नेपालका बहुसङ्ख्यक जनताहरू कृषक छन् र त्यसैको आम्दानीबाट आफ्नो जीवन चलाइरहेका छन्। नेपालमा उद्योग र व्यापार त्यति नफस्टाएको कारणले कृषि नेपालमा एकदमै लाभदायी हुन सक्छ। त्यसैले सबै मानिसलाई यस बारे तालिम दिनु अतिआवश्यक लाग्दछ। तर हाम्रो देश नेपालको कृषि क्षेत्रको विकासको लागि यहाँको सरकारले प्राथमिकता नै दिएको छैन। यदि कृषिलाई पूर्ण प्राथमिकता दिइयो भने नेपालमा कृषि र देशको विकास राम्रोसँग हुन सक्छ।

6/१०

१. नेपालमा कृषिको के कस्तो महत्व रहेको छ। भन्ने बारेमा एक अनुच्छेद लेख। (१२० शब्दमा)

→ सर्वप्रथम त कृषि भन्नाले खाद्यान्न बाली उत्पादन र नगदेबाली उत्पादन कार्यको साथै पशुपालन मौरीपालन र फलफूल खेती जस्ता क्रिया-कलापलाई बुझाउछ। नेपालको अर्थतन्त्रमा कृषिको भूमिका महत्वपूर्ण रहेको पाइन्छ। किनकी नेपालमा ८० प्रतिशत भन्दा बढी जनताहरू यसै क्षेत्रमा आश्रीत रहेको पाइन्छ। यसकारण नेपाललाई कृषि प्रधान देश भनिन्छ। अतः नेपालको विकास गर्नु भन्नु नै नेपालमा कृषि क्षेत्रको विकास गर्नु भन्ने बुझीन्छ। यो क्षेत्रको विकासविना अन्य कुनै पनि क्षेत्रको विकासको कल्पना समेत गर्न सकिदैन। अन्य कृषिप्रधान मुलुकहरूमा ~~झैं~~ झैं नेपालमा पनि कृषिको ठोरोरो भूमि-का छ। कृषि उत्पादन नै सबैका लागी खाद्य पदार्थको प्रमुख स्रोत भएकाले यो जीवनरक्षाको मूल आधार हो। अर्को कुरा उत्पादीत अन्न राष्ट्रिय आयको मूल स्रोत पनि हो। धेरै जनसङ्ख्या भएको नेपालका ~~७~~ गाउँका बासिन्दाहरूको मूल व्यवसाय नै खेतीपाती हो। कृषि विकासले नै ग्रामीण जीवनमा सुधार ल्याएको छ। नेपालमा सञ्चालीत धेरै उद्योगहरू कृषिमा आधारित छन्। कृषि क्षेत्रबाट उत्पादन भएका कच्चापदार्थ ~~हरू~~बाट नै त्यस्ता उद्योग~~हरू~~ सञ्चालन भएका

छन् । उदाहरणका लागी उखुबाट चिनी उद्योग, सनपाटबाट जुट उद्योग, सुर्तीबाट चुरोट उद्योग, कपासबाट कपडा उद्योग आदि। यी उद्योग सञ्चालनका लागी आवश्यक कच्चा पदार्थ कृषि पेशाबाट नै प्राप्त हुन्छन् । नेपालको कृषि पेशालाई रोजगारीको प्रमुख स्रोत पनि मानिन्छ। किनकी यही रोजगारीको कारणले नेपालमा बेरोजगारीको समस्या हट्दै गएको छ । र जनताको जीवन स्तर माथि उठेको छ। त्यसैले नेपालमा कृषि नै नेपाली जीवन र अर्थतन्त्रको मेरुदण्ड मानिने भएकाले यसको ठूलो महत्व छ।

नाम : अनु विश्वकर्मा
कक्षा : नौं (९)
क्रम सङ्ख्या : एक (१)
विद्यालय : श्री कालिका उच्च मा.वि. गैंडाकोट, नवलपरासी

नाम :- नित्या पौडेल

क्रिष्टि नेश्नल आवासीय उच्च मा. वि., डैडाकोट

6/10

१) नेपालमा कृषिको के-कस्तो महत्व छ भन्ने बारेमा एक अनुच्छेद लेख्नु। (१५० शब्दमा)

नेपाल कृषिप्रधान देश हो। यहाँका बहुसंख्यक जनता कृषिमै निर्भर छन्। यहाँको भौगोलिक अवस्था र हावा-पानी कृषिको लागि अनुकूल रहेको छ। धान, मकै, गहुँ, तोरी कोदो, फापर यहाँका प्रमुख अन्नबालीहरु हुन्। नेपालको कृषियोग्य जमिन मधेश एवम् तराई भए तापनि पहाडी क्षेत्रमा समेत केही अनुपातमा कृषिबालीको उब्जनी हुन्छ। यहाँको कृषियोग्य भूभागको पूर्ण प्रयोग गरी बाली • लगाउन सके नेपालीहरुलाई परनिर्भरताको जरूरी हुँदैन। यद्यपि असल बीउ-बिजनको अभाव र रसायनिक मलको दुरुपयोग एवम् विषादिको अत्याधिक प्रयोगले स्वस्थ र स्वच्छ अन्नबाली प्राप्त हुन सकेको छैन। जसका कारण स्वस्थ जनशक्तिको अभाव भइरहेको छ। मानव एवम् हरेक जीवहरुका लागि जीवनको आधार बनेको खाद्यतत्व अन्नबाली नै हुने हुनाले कृषि कृषिबिना जीवन अधुरो र अपुरो हुन्छ भन्नुमा अत्युक्ति हुँदैन। अर्थात्, कृषिबिना जीवन अधुरो र अपुरो हुने हुनाले कृषिको महत्व अत्याधिक रहेको पुष्टि हुन्छ। उद्योगधन्दाको कमि एवम् रोजगारीको अवसरको अभावका कारण विदेशिन बाध्य जनशक्तिलाई कृषिको महत्वको बारेमा सचेत गराई देशका कुनाकाप्चामा समेत सचेतनामूलक कार्यक्रमका माध्यमबाट कृषिसम्बन्धी तालिम एवम् सीप सिकाउन सके र नेपालको उत्पादनलाई विश्वबजारमा पुऱ्याउन सके यही माटोमा सुन फलाउन सकिन्छ। तसर्थ, नेपालमा कृषिको महत्व अधिक रहेको छ।

५/१०

१) नेपालमा कृषिको महत्व के-कस्तो छ भन्ने बारेमा एक अनुच्छेद लेख । (१५० शब्दमा)

=) नेपाल कृषिप्रधान देश हो । यहाँका करिब ७४ प्रतिशत मानीसहरु कृषि कार्यमा संलग्न छन् । यहाँको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान करिब ३३.२४ प्रतिशत रहेको छ । केवल नेपालीहरुकालागी कृषि एक परम्परागत व्यवसाय हो । नेपालका अधिकांस उद्योग धन्दाहरु कृषिमा आधारित छन् । अधिकांस निर्यात पनि कृषिजन्य नै रहेको छ । नेपालमा कृषिको विशेष महत्व छ । यो खाद्यान्नको प्रमुख स्रोत हो । कृषि र उद्योग बीच घनिष्ट सम्बन्ध हुन्छ र कृषिले औद्यौगीक उत्पादनको उपयोग गर्दछ । धेरै नेपालीहरुको रोजगारको आधार नै कृषि बनेको छ । यसको व्यवसायिक तथा विविधीकरणबाट जनताको जिवनस्तर माथी उठ्छ । यसको विकास बाट राष्ट्रिय आम्दानी वृद्धि हुन्छ । मानवको मात्र नभई पशुहरुको आहारको समेत प्रमुख स्रोत कृषि हो । कृषि विदेशी व्यापारको प्रमुख आधार हो । समग्रमा भन्नुपर्दा कृषि नेपाली अर्थतन्त्रको मेरुदण्ड नै हो । कृषि बिना नेपाली अर्थतन्त्र अपाङ्ग हुन्छ । समग्र जनताको जिवनस्तर उकास्नको लागी, उद्योगहरुलाई आवश्यक कच्चा पदार्थ प्रदान गर्नको लागी र निर्यात वृद्धि गरि व्यापार घाटा कम गर्न तथा व्यापारलाई पनि प्रवर्द्धन गर्नकालागी कृषिको अग्रणी भूमिका हुन्छ ।

नाम: शुसान्त मुखिया
कक्षा: नौ
विद्यालय: श्री जनक उच्च मा. वि., गैडाकोट
नवलपरासी ।